
जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १८५ • २०७९ साल मंसिर १४ गते बुधबार (30 November, Wednesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राउतलाई फेरि अख्तियारको पत्र

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले 'मधेश मन्थन' मा भएको खर्चको हिसाब मागेको छ।

गत आर्थिक वर्षको अन्त्यमा एउटा सञ्चार गृहले 'मधेश मन्थन' कार्यक्रमको आयोजना गरेका थिए ।त्यसमा मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत केही मन्त्रालय, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश सभा, जनकपुरधाम उपमहानगरपालिका लगायतका सरकारी निकायहरुको नाम प्रायोजकमा राखिएको थियो।

अख्तियारले निजी संस्थाको कार्यक्रममा सरकारी रकम प्रयोग गरिएकोमा सवाल उठाउँदै विवरण माग गरेको स्रोतले जनाएको छ ।स्रोतका अनुसार अख्तियारले त्यसको प्रक्रिया लगायतका जानकारी पनि माग गरेको छ।

अख्तियारले यस अघि नै मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का दर्जन बढी सरकारी अधिकारी, ठेकेदार लगायतमाथि साईकल खरिदमा भ्रष्टाचार भएको अभियोगमा मुद्दा दर्ता गरिसकेको छ।

### झिनो अन्तरले महासेठ जिते

# प्रतिनिधि सभामा प्रत्यक्षबाट एकमात्र महासेठ दम्पत्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्ष तर्फबाट नेकपा एमालेका नेता रघुवीर महासेठ दम्पत्ती प्रतिनिधित्व गर्ने एकमात्र भएका छन्। धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ४ बाट लगातार दोस्रो पटक प्रतिनिधि सभामा निर्वाचित भएका महासेठले नेपाली कांग्रेसका चिरपरिचित प्रतिद्वन्दी महेन्द्र यादवलाई पराजित गरेका छन्।

महासेठले ३२ हजार २ सय ३६ मत प्राप्त गरेका थिए।उनका प्रतिद्वन्दी यादवले ३२ हजार १ सय १२ मत प्राप्त गरे। १ सय २४ मतको झिनो अन्तरले जित निकालेका महासेठकी पत्नी जुली महतोले भने धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट ९ हजार ७ सय २ मतको फराकिलो अन्तरले जितेकी थिईन्।

महतोले ३३ हजार ३ सय ८८ मत प्राप्त गरेकी थिइन् ।उनका प्रतिद्वन्दी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का नेता अनिल कुमार झाले २३ हजार ६ सय ८६ मत प्राप्त गरेका थिए।

नेकपा एमाले विभाजनहुँदा माधवकुमार नेपाल नेतृत्वको नेकपा एसमा २ दिन लागेर पुनःएमालेमा फर्केका महासेठ एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा उपप्रधान एवं परराष्ट्र मन्त्री बनेका थिए।उनकी पत्नी जुली महतोलाई पनि ओलीले महिला, बालबालिका मन्त्री बनाएका थिए।

चुनावको मुखमा प्रभु साह लगायतका कयौं नेताहरुले एमाले छाडे पनि महासेठको नेतृत्वमा मधेश प्रदेशको एमाले प्रतिनिधि र प्रदेश दुबैमा पहिलो दल बनेको छ।प्रतिनिधि सभामा एमालेले प्रत्यक्षतर्फ ९ र मधेश प्रदेश सभातर्फ १५ सिट जितेको छ ।हुनत चुनावभरि नै महासेठ दम्पत्ती आ-आफ्नो क्षेत्र भन्दा बाहिर निस्कन सकेनन्।



प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका महासेठ दम्पत्ती रघुवीर महासेठ र जुली महतो (महासेठ)। *तस्वीर : टुडे*

महतो चुनाव लडेकी क्षेत्र नम्बर ३ मा गठबन्धनबाट प्रदेश सभा 'क' का उम्मेदवार जनता समाजवादी पार्टी(जसपा)का जितेन्द्र यादव साढे ३ हजार मतले पराजित भएका छन् ।सो क्षेत्रमा नेपाली कांग्रेसका नेता एवं निवर्तमान भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव निर्वाचित भएका छन् ।प्रदेश 'ख' मा भने एमालेकै युवा नेता दीपेन्द्र ठाकुरले झण्डै डेढ हजारको फराकिलो मतान्तरले निवर्तमान सभासद लोसपाका नेता परमेश्वर साहलाई पराजित गरे।

त्यसैगरि क्षेत्र नम्बर ४ को 'क'बाट नेपाली कांग्रेसका युवा नेता शेषनारायण यादव विजयी भएका छन् ।उनले एमालेका सन्तोष यादवलाई झण्डै डेढ हजारको मतान्तरले पराजित गरे ।तर प्रदेश 'ख' मा एमालेकै नेता हरिनारायण महतोले मधेश प्रदेश सरकारमा वन मन्त्री समेत रहेका नेकपा एसका नेता शत्रुधन महतोलाई १ हजार बढी मतले पराजित गरेका हुन्।

२०७४सालको आमनिर्वाचनमा महासेठ प्रत्यक्षबाट र महतो समानुपातिकबाट प्रतिनिधि सभा सदस्य बनेका थिए ।२०७० सालको संविधान सभाको चुनावमा महासेठ र महतो दुबै जना हारेका थिए।

प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित दम्पत्ती महासेठ मात्र हुने छन् ।तर पति प्रत्यक्ष र पत्नी समानुपातिकबाट प्रतिनिधि सभामा जानेमा प्रधानमन्त्री समेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र आरजु देउवा पनि रहेका छन् ।त्यसैगरी जसपा संघीय परिषदका अध्यक्ष अशोक राई प्रत्यक्षबाट र उनकी पत्नी सुशिला श्रेष्ठ समानुपातिकबाट सांसद हुने भएकी छन्।

## मल्ल दम्पत्तीको रेकर्ड कायमै

**टुडे समाचारदाता**

जनकपुरधाम ।प्रतिनिधि सभाको सम्पन्न चुनावमा धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ बाट जुली महतो र क्षेत्र नम्बर ४ बाट उनका पति रघुवीर महासेठ निर्वाचित भएपछि शेरे धनुषाको नामबाट चर्चित पञ्चायतकालीन नेता हेमबहादुर मल्ल चर्चामा आएका छन्।

धनुषा जिल्लाबाट पतिपत्नी एकै साथ निर्वाचित हुने उनी पहिलो दम्पत्ती थिए । २०४३ सालमा तत्कालीन राष्ट्रिय पञ्चायतको चुनावमा धनुषाबाट हेमबहादुर मल्ल (हाथी छाप) र उनकी पत्नी शारदा मल्ल(नाउ छाप) बाट निर्वाचित भएका थिए।राष्ट्रिय पञ्चायतको धनुषाबाट २ सिट मात्र थिए।

सो चुनावमा हेमबहादुर मल्लले ९३ हजार २ सय ७० र शारदा मल्लले ६५ हजार मत प्राप्त गरेका थिए ।तर त्यसपछि देशमा ठूलो राजनीतिक परिवर्तन भयो।मल्ल दम्पत्तीले ५ सालको कार्यकाल समेत पूरा गर्न सकेनन् ।देशमा बहुदलीय प्रजातन्त्र घोषणा भएपछि राष्ट्रिय पञ्चायत विघटन गरिएको थियो।



पञ्चायतकालमा पहिलो निर्वाचित दम्पत्ती हेमबहादुर मल्ल र शारदा मल्ल। *तस्वीर : फाइल*

महासेठ दम्पत्ती दोस्रो प्रयासमा एकै साथ प्रतिनिधि सभामा पुग्न सफल भएको बेला देशमा संघीयता र गणतन्त्र विरोधी सांसदहरुको पनि प्रवेश भएको छ ।चुनावको परिणामपछि कतिपय राजनीतिक विश्लेषकहरुले संघीयता र गणतन्त्र धरापमा पर्न सक्ने बताउन थालेका छन्।

प्रदेश सभाको औचित्यमाथि एमालेका अध्यक्ष केपी शर्मा ओली , काठमाण्डु महानगरपालिकाका मेयर बालेन साह, राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेन, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने लगायत प्रदेशको विरोधमा एकमत छन् ।उनीहरुले देशमा पुनःराजतन्त्र फर्काउनुपर्ने धारणा समेत सार्वजनिक गरिसकेका छन्।






# फोहोर उठ्न सकेन्

**रञ्जन यादब**

कलैया । दुधौरामा बसोवास गर्दै आएका स्थानीयको अवरोधले जितपुरसिमरामा फोहोर उठ्न सकेको छैन् । जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१ दुधौरा खोला नजिकै उपमहानगरपालिकाले बर्षौदेखि फोहोर फाल्दै आएको छ ।



फोहोर फाल्ने डम्पिङ साईडको अभावमा उपमहानगरपालिकाले दुधौरा खोलामा नै फोहोर फाल्ने गरेको छ । फोहोरको कारण दुर्गन्ध फैलिएको र झिँगाको प्रकोप बढेको भन्दै स्थानीयले फोहोरको गाडी रोकेका छन् । उनीहरूले फोहोर विसर्जनमा समय-समयमा अवरोध गर्दै आएका छन् । दुधौराको सुकुम्बासी बस्तीमा उपमहानगरको फोहोरको गाडी थन्किएको छ ।

पाँच दिनदेखि उपमहानगरको फोहोर उठ्न सकेको छैन। केही समय अघिमात्रै फोहोरको दीर्घकालीन समस्या समाधान गर्न उपमहानगरपालिकाको टोली वृहत् छलफलसमेत गरेको थियो ।

यता नगर प्रमुख राजन पौडेलले उपमहानगरको फोहोर व्यवस्थापनलाई आफ्नो प्रमुख एजेन्डा बनाएको बताएका छन् ।

फोहोर व्यवस्थापन देशकै एक प्रमुख समस्याको रुपमा रहेकाले सबैको सहकार्यबाट मात्र यसको समाधान गर्न सकिने जानकारी दिए ।

नगर प्रमुख पौडेलको कार्यकाल भन्दा अगाडिदेखि नै फोहोरको समस्या विकराल रुपमा उठिरहेको थियो । अहिले जीतपुर सिमराको फोहोर उठ्न नसक्दा चोकचोकमा थुप्रिएको छ । जीतपुर सिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत चेतकुमार पोखरेलले स्थानीयको अवरोधपछि फोहोर उठ्न छाडेको बताएका छन् । उनले विभिन्न माग राखेर स्थानीयले अवरोधका गरेका कारण फोहोर व्यवस्थापन हुन नसकेको बताएका छन् ।

# दमकल सञ्चालन गर्न सम्झौता

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाको दमकल सञ्चालन गर्न बागमती र ईश्वरपुर नगरपालिका पनि साझेदार बनेका छन् ।

दमकल सञ्चालनमा बागमती र ईश्वरपुर नगरपालिकाले वार्षिक तीनतीन लाख व्यहोर्ने सहमति गरी तीन नगरपालिकाबीच दमकल सञ्चालनको सम्झौता भएको छ । आवश्यक परेको बखत परिचालन गर्ने गरी तीनवटै नगरपालिकाबीच सम्झौता भएको हरिवन नगरपालिकाका नगरप्रमुख रमेश बुढाथोकी (कलम)ले जानकारी दिए ।

नगरपालिकाको कुनै पनि क्षेत्रमा आगलागीजन्य घटना भएमा अविलम्ब उक्त क्षेत्रमा वारुणयन्त्र पुऱ्याई आगलागी नियन्त्रण कार्यमा सहयोग पुऱ्याउने लगायतका विषयहरु सम्झौतापत्रमा समेटिएको ईश्वरपुर नगरपालिकाका नगरप्रमुख मनोजकुमार आचार्यले बताएका छन् । अब दमकल सञ्चालन गर्न सहज हुने हरिवन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताए ।

# 'सबै आरोप निराधार रहेको छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको औरहीकी नेहा चौधरीले श्रीमानमाथि लगाएको आरोपबारे पहिलो पटक श्रीमानले आफ्नो कुरा राखेका छन् । उनले श्रीमतीले लगाएको आरोप झुठो रहेको भन्दै पत्रकार सम्मेलन गरी आफ्नो धारणा राखेका छन् । महोत्तरीको औरही नगरपालिका वडा नम्बर १ की नेहा चौधरीको ९ महिना अगाडि रामगोपालपुर नगरपालिका वडा नम्बर ५ का पंकज चौधरीसंग विवाह भएको थियो । नेहा र पंकज प्रेम सम्बन्धमा रहेकाले दुबैको परिवारबीच सहमति भएर विवाह भएको थियो ।



काठमाण्डुमा अध्ययनरत रहेकै बेला नेहा र पंकज प्रेममा परेका थिए । पंकज एमडी सकाएर विवाह गर्ने योजनामा रहे पनि नेहाकै दबाबमा एमडी नसकाउँदै विवाह गर्ने निर्णयमा पुगे । दुबैको विवाह २०७८ फागुन २५ गते विवाह भएको थियो ।

तर विवाह भएको केही महिना नबित्दै दुबैबीचको सम्बन्ध चिसिन थाल्यो । गत महिना मात्रै नेहाले श्रीमान आफूमाथी शारीरिक तथा यातना दिदै आएको आरोप लगाइन् । यसका साथै दाइजोका लागि पंकजले पटक पटक कुटेको नेहाको आरोप थियो । उनले आफू काठमाण्डुमा सँगै बस्ने कुरा गरेपछि आफूलाई निर्घात कुटपीट गरेपछि बाध्य भएर माइत आएको बताइन् । यता नेहाले लगाएको यो सबै आरोप निराधार रहेको पंकजको दाबी छ । नेहाले आरोप लगाएको एक महिनापछि पंकजले नेहाले लगाएको सबै आरोप झुठो रहेको दाबी गर्दै उल्टै नेहाले नै आफूलाई मानसिक यातना दिदै आएको आरोप लगाएका छन् ।

पंकजका अनुसार बिहे भएको केही दिन नबित्दै नेहा सानोतिनो कुराको विषयलाई लिएर झगडिदै आएकी थिइन् । उनले भने 'नेहा सानो सानो विषयमा पनि झगडा गर्थिन, म सम्बन्ध बचाउनका लागि पटक पटक मनाउने प्रयास गर्थे ।' अगाडि भने 'मैले नेहामाथि कहिल्यै हातपात गरेको छैनौ, बरु पटक पटक उनलाई बचाउने प्रयास गरेको छु ।'

पंकजका अनुसार नेहाले पटक पटक आत्महत्याको प्रयाससमेत गरेकी छन् । बिहे पनि आफूसंग जोर जबर्जस्तीमा गरिएको पंकजको दाबी छ । आफू नेहासंग प्रेम सम्बन्धमा रहे पनि उसको यही सानोतिनो विषयमा झगडिने बानीका कारण विवाह गर्ने पक्षमा थिइन् तर उनकै दबाबका बीच विवाह गर्नुपर्यो । उनले भने 'विवाहभन्दा पहिले मलाई जे डर थियो त्यही भयो, अब सम्बन्ध म बचाउन सक्दिन त्यसैले सम्बन्ध विच्छेदको मनस्थितिमा पुगेको छु ।'

पंकज काठमाण्डुस्थित ग्रान्डी र नर्भिक अस्पतालका जनरल फिजिसियन छन् । कात्तिक ४ गते नेहाले पंकजविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा घरेलु हिंसाविरुद्ध उजुरी दिइन् । त्यसपछि पंकजलाई प्रहरीले ३ दिन थुनामा समेत राखेको थियो । अहिले नेहाले पंकजविरुद्ध अंशको मुद्दा समेत दिएकी छन् ।

# दाबी रकम प्रदान




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपूर्वाकी एक मृतक महिलाको परिवारलाई बीमा बापतको भुक्तानी दाबी रकम प्रदान गरिएको छ ।

हरिपूर्वा नगरपालिका ५ की लिलम देवीले फरवार्ड माइक्रो फाइनान्स लघुवित्त संस्थामा गरेको बीमाको भुक्तानी दाबी रकम प्रदान गरिएको छ ।

बीमा गरिएको डेढ वर्षपछि दम रोगबाट लिलम देवीको मृत्यु भएपछि लाईफ इन्स्योरेन्स कम्पनीले उनको परिवारलाई बीमा रकम र क्रियाखर्चबापत १ लाख १४ हजार रुपैयाँ प्रदान गरेको छ ।

मृतक लिलम देवीको श्रीमान देवी मण्डललाई रकम प्रदान गरिएको फरवार्ड माइक्रो फाइनान्स लघुवित्त संस्था हरिपूर्वाका प्रमुख जितेन्द्र कुमार विश्वासले जानकारी दिए ।

# प्रत्यक्षमा महिला सहभागिता न्यून

**टुडे समाचारदाता**

मलंगवा । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा महिलाको सहभागिता न्यून देखिएको छ । चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्यमा दुई सय दुई जनाको उम्मेदवारी रहेकामा १५ महिला थिए ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार क्षेत्र नं १ को प्रदेशसभा-२ मा पाँच ,क्षेत्र नं २ को प्रदेशसभा-१ मा एक, प्रदेशसभा-२ मा दुई, क्षेत्र नं ३ को प्रदेशसभा-१ मा एक र प्रदेशसभा-२ मा पनि एक महिलाले उम्मेदवारी दिएका थिए । महिला उम्मेदवारमध्ये सर्लाही १ को प्रदेशसभा-२ बाट वाम-लोकतान्त्रिकगठबन्धनकोतर्फबाट उम्मेदवार बनेकी एकीकृत समाजवादीकी बची लुङ्गेली मात्र निर्वाचित भइन ।

उनी नेकपा (एमाले)की उम्मेदवार शान्तिकुमारी लामालाई छ हजार छ सय ९९ मतान्तरले पराजित गरेकी थिइन । जिल्लाको क्षेत्र नं १ प्रदेशसभा-२ मा ३८ हजार दुई सय ७२ मत खसेको थियो । सो मध्ये लुङ्गेलीले १३ हजार छ सय ७७ मत प्राप्त गर्दा एमालेकी उम्मेदवार लामाले छ हजार नौ सय ७८ मत प्राप्त गरेका छन् ।

'निर्वाचनमा भाग लिएका महिला उम्मेदवारले कोटा अनुसारसमेत निर्वाचित नहुँदा फेरि पनि समानुपातिककै भरमा महिला सहभागिता हुने सम्भावना बढेको छ । महिला सहभागिता न्यून देखिने अवस्था छ', महिला अधिकारकर्मी अम्बिका राउतले बताइन ।

# महोत्तरीबाट अधिकांश पुरानै अनुहार निर्वाचित

महोत्तरी । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि हालै सम्पन्न निर्वाचनमा महोत्तरी जिल्लामा अधिकांश पुरानै अनुहार निर्वाचित भएका छन् । यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनको प्रत्यक्ष प्रणालीतर्फको अन्तिम परिणामले यस्तो देखाएको हो । चार प्रतिनिधिसभा र आठ प्रदेशसभा सदस्य गरी जिल्लामा १२ पदका लागि भएको निर्वाचनमा नौ यसअघिकै दोहोरिनुभएको छ ।

महोत्तरी-३ प्रतिनिधिसभामा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर, महोत्तरी-२ बाट लोसपाकै वरिष्ठ नेता शरतसिंह भण्डारी निर्वाचित हुनुभएको छ । उहाँहरु दुवै यसअघि २०७४ मा पनि सोही क्षेत्रबाट निर्वाचित हुनुहुन्थ्यो ।

त्यसैगरी जिल्लाका आठ प्रदेशसभा क्षेत्रमध्ये सातवटामा यसअघिकै प्रदेशसभा सदस्य यसपालि दोहोरिएर निर्वाचित हुनुभएको छ । यसमा महोत्तरी-१(१) र (२) बाट क्रमशः नेकपा (एमाले) नेतृ शारदा थापा र नेकपा (माओवादी केन्द्र)का भरतप्रसाद साह हुनुहुन्छ । यसरी नै महोत्तरी-२ (१) र (२) बाट जयनुल राइन र सुरिता साह निर्वाचित हुनुभएको छ । उहाँहरु दुईमध्ये राइन लोसपाबाट र साह यसपालि लोसपाबाट अवसर नपाएपछि स्वतन्त्र हैसियतमा प्रतिस्पर्धा गरेर विजयी बन्नुभएको हो ।

जिल्लाको महोत्तरी-३(१) र (२) बाट पनि प्रदेशसभामा लोसपाबाट अभिराम शर्मा र रानी शर्मा तिवारी विजयी बन्नुभएको छ । उहाँहरु दुवै सोही क्षेत्रबाट यसअघि प्रदेशसभा सदस्य हुनुहुन्थ्यो । यसरी नै महोत्तरी-४ (२) का निर्वाचित प्रदेशसभा सदस्य सरोजसिंह कुशवाहा पनि यसअघि सोही क्षेत्रबाट निर्वाचित हुनुहुन्थ्यो ।

महोत्तरी-१ बाट भने प्रतिनिधिसभामा एमाले नेता लक्ष्मी महतो कोइरी निर्वाचित हुनुभएको छ भने महोत्तरी-४ बाट कांग्रेस नेता महेन्द्रकुमार राय निर्वाचित हुनुभएको छ । प्रदेशसभातर्फ महोत्तरी-४ (१) बाट निर्वाचित एमाले केन्द्रीय सदस्य सरोजकुमार यादव भने प्रदेशसभामा नयाँ अनुहार हुनुहुन्छ । विसं २०७४ मा महोत्तरी-४ (२) प्रदेशसभा क्षेत्रमा पराजित हुनुभएका यादव यसपालि क्षेत्र परिवर्तन गरेर महोत्तरी-४(१) बाट निर्वाचित हुनुभएको हो ।रासस

# धनुषा ४ को २ मा एमालेका महतो विजयी



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नं ४ (२) मा नेकपा (एमाले)का हरिनारायण महतो विजयी भएका छन् ।

नेकपा समाजवादीका शत्रुधन महतोलाई पराजित गर्दै प्रदेशसभा सदस्यमा हरिनारायण विजयी भएका छन् । विसं २०६४ देखिका सबै निर्वाचन जित्दै आएका शत्रुधन यसपटक भने पराजित भएका छन् ।

हरिनारायणले १७ हजार तीन सय दुई मत प्राप्त गर्दा शत्रुधनले १५ हजार नौ सय छ मत प्राप्त गरेका छन् ।

मतगणनाको सुरुदेखि नै अग्रता बनाएका हरिनारायण एक हजार ३४२ मतान्तरले विजयी भएका छन् ।

# एनसेलले थाल्यो ई-सिम वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलका ग्राहकहरुले अब आफ्नो सिम ई-सिममा अपग्रेड गर्न सक्ने भएका छन् । एनसेल आजियाटाले शुक्रबारदेखि ई-सिमवितरण गर्न थालेको हो । यो इम्बेडेड सिम हाल प्रयोग भईरहेको भौतिक सिमको सट्टामा प्रयोग गर्न मिल्ने डिजिटल सिम हो ।

यो सिम ई-सिम सपोर्ट गर्ने मोबाइल वा उपकरण भित्र सानो चिपमा हुन्छ र यसबाटै दूरसञ्चार सेवा लिन सकिन्छ । यो भौतिक रुपमा प्रयोग हुने सिमभन्दा सुरक्षित मानिन्छ ।

मोबाइल हराए वा चोरी भएमा यो सीम मोबाइलबाट झिक्न वा हटाउन मिल्दैन । कम्पनीका अनुसार एसएमएसमार्फत ई सिममा अपग्रेड गर्न सकिन्छ । ग्राहकले नागरिकता नम्बर, इमेल ठेगाना टाइप गरी १७१२५ मा एसएमएस पठाउनु पर्छ ।

सिम चलाउनु अघि एनसेलका प्रतिनिधिबाट ग्राहक पहिचानका लागि कल आउने कम्पनीले जनाएको छ । कम्पनीका अनुसार एसएमएस पठाउन र सिम अपग्रेड गर्नका लागि कुनै शुल्क लाग्ने छैन । ग्राहकले आफुलाई पायक पर्ने नजिकैको एनसेल सेन्टरबाट पनि सिम अपग्रेड गर्न सक्ने कम्पनीले जनायो। सेन्टरबाट आफुले चाहेको स्टार्टर प्याकका साथ सिम लिन सक्ने कम्पनीले जनाएको छ । ग्राहकहरूले आफ्नो मोबाइल ई-सिम चल्ने/नचल्ने थाहा पाउन एस्ट्रिक्स ह्यास०६ ह्यास डायल गर्न सक्छन् । यदि इम्बेडेड आईडेन्टिटी डकुमेन्ट (ईआईडी) सहितको विवरण ग्राहकको डिस्प्लेमा आएमा त्यस्तो मोबाइलमा ई-सिम चल्छ ।




आइफोनका पछिल्ला मोडलहरु आइफोन एक्सएस सिरिज, आइफोन ११ सिरिज, आइफोन १२ सिरिज, आइफोन १३ सिरिज र आइफोन १४ सिरिजमा ई-सिमको सुविधा छ । त्यस्तै सामसङको ग्यालेक्सी एर१ सिरिज, ग्यालेक्सी एर२ सिरिज, ग्यालेक्सी जेड फ्लिपसिरिज र गुगलको पिक्सल ४ सिरिज, पिक्सल ५ सिरिज र पिक्सल ६ सिरिजमापनि ई-सिमको चल्ने सुविधा रहेको कम्पनीले जनाएको छ ।

ब्रान्ड र मोबाइलका मोडलहरुका आधारमा विभिन्न मोबाइलहरुमा एक भन्दा बढी ई-सिम नम्बर दर्ता गर्न सकिने सुविधा पनि रहेको हुन्छ । यद्यपि एक पटकमा एक मात्र नम्बर सक्रिय रहन्छ ।

## मोटरसाईकल हरायो

नेपाल लाइफ इन्स्योरेन्सको नाममा दर्ता रहेको मधेश प्रदेश-०२-००६ प ०५५३१ नम्बरको निलो रंगको च्याचिसनम्बर MD2A11CX1NPC18699 ईञ्जिन नम्बर DHXRNC67690 १५० सीसीको रातो कालो रंगको बजाज कम्पनीको पल्सर मोटरसाइकल मिति २०७९/०८/०७ गते जि.धनुषा क्षीरेश्वरनाथ नगरपालिकाको वडा नं. ५ नेपाल लाइभ इन्स्योरेन्स शाखा कार्यालयको परिसरमा पार्किंगमा राखिएको अवस्थामा बिहान १० देखि ११ बजेको समयमा हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको नम्बरमा खबर गरिदिनु हुन अनुरोध छ ।


**नामः सुजित पंकज**
ठेगाना : जि.म.एकडारा गाउँपालिका-३
मो.नं. : ९८५४०२९५३६
फोन नं. ०१४१६९०३१/३२

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : अवसर प्राप्त । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेपालका विभिन्न जिल्ला घुमेर हवाईमार्ग हुँदै त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल आइपुगेका विदेशी पर्यटक। *तस्विर : रासस*

# तेस्रो पटक संसद प्रवेश गर्दै महासेठ

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (एमाले)का स्थायी कमिटी सदस्य रघुवीर महासेठले प्रतिनिधिसभा सदस्यमा धनुषा-४ मा विजयी भएपछि तेस्रो पटक संसदीय यात्रा तय गरेका छन् ।

निर्वाचन आयोगका अनुसार महासेठले ३२ हजार दुई ३६ मत प्राप्त गर्नुभयो भन उहाँका प्रतिस्पर्धी नेपाली कांग्रेसका महेन्द्र यादवले ३२ हजार ११२ मत प्राप्त गरेका छन् ।

महासेठ २०६५ सालमा संविधानसभा सदस्य उपनिर्वाचनमा धनुषा ५ बाट निर्वाचित भएका थिए । उनी संविधानसभा र तत्कालीन व्यवस्थापिकामा विभिन्न समितिमा रहेर जिम्मेवारी निर्वाह गरेका थिए। उनी २०७४ सालमा संघीय संसद प्रतिनिधिसभा सदस्यमा धनुषा-४ बाट विजयी भएका थिए।

जनकपुरधाम उपमहानगरपालिका २, धनुषामा बाबु मखन र स्व.मायावती महासेठको कोखबाट २०१८ साल साउन २२ गते जन्मेका महासेठ हाल नख्खु, ललितपुरमा बस्दै आएका छन् । उनको पत्नी जुलीकुमारी महतो र एक छोरा, एक छोरी छन् । उनले बि.ई (सिभिल इन्जिनियरिङ) अध्ययन गरेका छन् । एमाले निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनरास्ववियु) मा २०२८/०२९ सालबाट औपचारिकरुपमा महासेठ राजनीतिमा प्रवेश गरेका थिए।

उनी २०३७ सालमा अनेरास्ववियुको प्रथम पूर्वाञ्चल क्षेत्रीय अध्यक्ष निर्वाचित भएका थिए । वि.सं २०३३ सालमा तत्कालीन नेकपा (माले)को सदस्यता लिएर पार्टीगत राजनीति औपचारिक सुरुवात गरेका थिए भने २०५४ सालदेखि एमालेको केन्द्रीय भएर काम गरेका थिए। विंस २०७६ सालमा एमालेको स्थायी कमिटी सदस्य भएका थिए।

महासेठले २०६८ सालमा जलस्रोत तथा सिँचाइमन्त्री र २०७४ सालमा भौतिक पूर्वाधार तथा यातायातमन्त्रीको जिम्मेवारीमा काम गरेका थिए।

उनले २०५१ सालमा उदयपुर सिमेन्ट उद्योगको कार्यकारी अध्यक्ष भएर पनि काम गरेका थिए। उनको विशेष रुचिको क्षेत्र विकास, खेलकुद हो। राजनीतिक घटनाक्रमका क्रममा २०२८/०२९ को संघर्षको क्रममा २७ दिन थुनामा बसेका थिए। राजनीतिक आन्दोलनको क्रममा पटक/पटक गरी १३ महिना थुना र जेल जीवन बिताइसकेका छन्।

# वीरगञ्ज भन्सारमा राजस्व सङ्कलनमा ह्रास

पर्सा। देशको प्रमुख व्यापारिक नाका वीरगञ्जको राजस्व सङ्कलन लगातार चार महिनादेखि घट्दै गएको छ । चालु आर्थिक वर्षको साउन महिनामा लक्ष्यको ८५ प्रतिशत राजस्व सङ्कलन गरेको वीरगञ्ज भन्सार कार्यालयले कात्तिक महिनामा ६० प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ।

चालु आवको साउनमा रु १५ अर्ब २० करोड सात लाखको लक्ष्य लिएकामा कार्यालयले रु एक अर्ब २१ करोड सात लाख कम अर्थात् रु १२ अर्ब ९८ करोड ९९ लाख सङ्कलन गरेको छ । भदौमा रु १९ अर्ब २९ करोड ४५ लाख राजस्वको लक्ष्य पाएको भन्सार कार्यालयले रु पाँच अर्ब १५ करोड २० लाख कम अर्थात् रु १४ अर्ब १४ करोड २५ लाख मात्र सङ्कलन गरेको कार्यालयका सूचना अधिकृत सुमित गुप्ताले जानकारी दिनुभयो।

असोजमा रु २१ अर्ब ८८ करोड ३३ लाखको लक्ष्य राखेकामा रु नौ अर्ब ३८ करोड ९४ लाख कम अर्थात् रु १२ अर्ब ४९ करोड ३८ लाख राजश्व सङ्कलन गरेको छ। चालु आवको साउन, भदौ र असोजमा राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न चुकेको कार्यालयले कात्तिकमा लक्ष्यभन्दा न्यून सङ्कलन गरेको छ।

कात्तिकमा रु २१ अर्ब ६५ करोड ४२ लाख राजस्व सङ्कलनको लक्ष्य थियो । तर कार्यालयले रु आठ अर्ब ७२ करोड ९५ लाख कम अर्थात् रु १२ अर्ब ९२ करोड ४६ लाखमात्र सङ्कलन गरेको छ । यो लक्ष्यको तुलनामा ४० प्रतिशत कम हो ।

वीरगञ्ज भन्सार कार्यालयलाई सबैभन्दा बढी राजस्व दिने वाहन, इन्धनलगायत १० वस्तुको आयातमा सरकारले लगाएको प्रतिबन्धका कारण राजस्व सङ्कलनमा ह्रास आएको सूचना अधिकारी गुप्ताको भनाइ छ । गत आवको पहिलो चौमासिकको तुलनामा चालु आवमा इन्धन आयातमा ७४ प्रतिशत र वाहन अयातमा ७९ प्रतिशतले राजस्व सङ्कलनमा कमी आएको छ।रासस

# रसायन प्रयोग गरिएको औषधि प्रयोग नगर्न आग्रह

काठमाण्डु। औषधि व्यवस्था विभागले बालबालिकाको लागि प्रयोग गरिने औषधिमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायन मिसावट नभएको मात्र बिक्री वितरण गर्न आग्रह गरेको छ।

बालबालिकामा प्रयोग हुने कतिपय झोल औषधिमा यी दुई विषाक्त रसायन मिसिएको हुनसक्ने भन्दै विभागका वरिष्ठ औषधि व्यवस्थापक सन्तोष केसीले विज्ञप्ति जारी गरी सचेत रहन आग्रह गर्नुभएको छ। जाम्बिया तथा इन्डोनेसियालगायत देशमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायन मिसिएकोऔषधिबालबालिकामा प्रयोग गर्दा उनीहरूको मिर्गौलामा गम्भीर असर परी मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनको प्रतिवेदनमा समेत उल्लेख गरिएको विभागले जनाएको छ।

विज्ञप्तिमा विभागले ती दुवै रसायन मिसिएका औषधि भारतको माइडेन फर्मास्युटिकल्स लिमिडेट हरियानाबाट उत्पादन गरिएको प्रोमेथाजिन ओरल सलुसन, कोफेक्सामाइलिन बेबी कफ सिरफ, म्याकअफ वेवी कफ सिरफ र मागरिप एन कोल्ड सिरफ उत्पादन भइरहेको र ती उत्पादन गरिएका औषधि नेपालमा दर्ता नभएको समेत विज्ञप्तिमा विभागले स्पष्ट पारेको छ।

विभागले औषधि उत्पादक कम्पनीलाई प्रोपलाइन ग्लाइकोल, पोलिथिनल्याइन ग्लाइकोल, सोरविटोल र ग्लासिरिन/ग्लासिरोलजस्ता सहायक कच्चा पदार्थ प्रयोग भई नेपालमा उत्पादन तथा पैठारी हुने विशेष गरी झोल बनावटका औषधिमा इनाथाइल ग्लाइकोल र डाइइथानाइल ग्लाइकोल रसायनको मिसावट नभएको भनी यकिन गरी मात्र झोल औषधि बिक्री वितरण गर्न आग्रह गरेको छ।रासस

# सप्तरीबाट आठ जना नयाँ सांसद




सप्तरी । सप्तरीका मतदाताले यसपटक अधिकांश नयाँ उम्मेदवारलाई निर्वाचित गराएका छन् । चार प्रतिनिसभा र आड प्रदेशसभा रहेको जिल्लामा १२ मध्ये आठ जना नयाँ उम्मेदवार निर्वाचित भएका छन्।

सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउत पनि पहिलो पटकमै सांसद् बन्दै हुनुहुन्छ। राउतले ३५ हजार ४२ मत ल्याउँदा गत निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित उपेन्द्र यादवले १६ हजार नौ सय ७९ मतमात्र ल्याउनुभयो।

सप्तरी निर्वाचन क्षेत्र नं ३ बाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिनेशकुमार यादव चौथो पटकको प्रयासमा संसद् भवनको टिकट पाउनुभएको छ । यसअघि तीनपटक पराजय भोगिसक्नुभएका यादवले नेकपा (एमाले)का ताराकान्त चौधरीलाई पराजित गर्नुभयो।

सप्तरी १ (१) बाट एमाले केन्द्रीय सदस्य राजकुमार लेखी प्रदेशसभा सदस्य बन्नुभएको छ भने सप्तरी १ (२)बाट सकिल मियाँ प्रदेशसभा सदस्य बन्नुभएको छ । मियाँ पहिलोपटक संसदीय चुनावमा होमिएको जनमत पार्टीका उम्मेदवार हुनुहुन्थ्यो । उहाँ जिल्ला विकास समिति सप्तरीको सदस्य रहिसक्नुभएको छ।

निर्वाचित हुने नयाँ अनुहारमा सप्तरी-२ (१) बाट जनमत पार्टीका सतिशकुमार सिंह पनि हुनुहुन्छ । उहाँ तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत हुनुहुन्छ । गत स्थानीय तहको निर्वाचनमा गाउँपालिका अध्यक्षमा उम्मेदवार यहाँ पराजित भएपछि लोसपा परित्याग गरी जनमत पार्टीबाट उम्मेदवार बन्नुभएको हो।

सप्तरी-२ (२)बाट जनमत पार्टीका निर्वाचित महेशप्रसाद यादव पनि नयाँ अनुहार हुनुहुन्छ। उहाँ यसअघिको निर्वाचनमा नेकपा (माओवादी केन्द्र)बाट प्रदेशसभा सदस्यमा उम्मेदवार हुनुहुन्थ्यो।

सप्तरी ३ (२) बाट विजयी जनमत पार्टीकै शम्भुकुमार साह पनि राजनीतिमा नयाँ हुनुहुन्छ। साथै, सप्तरी-४ (२) सदस्यमा पहिलो पटक निर्वाचित स्वतन्त्र उम्मेवार अनिरुद्धकुमार सिंहले नौ हजार नौ सय ८५ मत प्राप्त गर्नुभयो। यसरी आठ जना नयाँ अनुहार संसद्मा भित्रिँदा जसपा अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव र बहुजन शक्ति पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री विश्वेन्द्र पासवानको संसद् भवन जाने बाटो बन्द भएको छ।

मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, पूर्वमन्त्री हेमराज तातेड, उमेशकुमार यादव, अनिस अन्सारी, संविधानसभा सदस्य ताराकान्त चौधरी, अशोकुमार मण्डल, निवर्तमान प्रदेशसभा सदस्य विदेश्वरप्रसाद यादव र अभिषेक यादव दोहोरिएर संसद् बन्न सक्नुभएन । प्रदेशसभा सदस्यमा एक-एक स्थानमा जित हासिल गरेका कांग्रेस र नेकपा (समाजवादी केन्द्र)का प्रदेशसभा सदस्यबाहेक सबै नयाँ अनुहार हुन्।रासस

# थारु समुदायका लागि ६.६ प्रतिशत आरक्षण नछुट्याउन आदेश

काठमाण्डु। सर्वोच्च अदालतले थारु समुदायका लागि निजामती तथा सरकारी सेवाको विज्ञापनमा ६ दशमलव ६ प्रतिशत आरक्षण नछुट्याउन आदेश गरेको छ। न्यायाधीशद्वय प्रकाशमानसिंह राउत र डा कुमार चुडालको संयुक्त इजलासले आइतबार गरेको आदेशमा गत कात्तिक २० गते दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गर्दै उक्त आरक्षणको नछुट्याउन आदेश गरेको हो।

"अन्तरिम आदेश कायम राख्दा मुलुकको सार्वजनिक सेवा प्रवाहमा गम्भीर असर पर्न सक्ने संवेदनशील अवस्था र परिस्थितिलाई विचार गर्दा यस अदालतबाट गत कात्तिक २० मा जारी भएको अन्तरिम आदेश कायम रहनु वाञ्छनीय नहुँदा उक्त मितिको अन्तरिम आदेश रद्द गरिएको छ।', आदेशमा उल्लेख छ।

आदेशमा प्रतिनिधित्व सुनिश्चिततामा विविधतामा कलष्टर छुट्याएको पदलाई सय प्रतिशत मान्दा थारु समुदायका लागि ६ दशमलव ६ प्रतिशत छुट्याउन नसक्ने उल्लेख छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट सचिव मधुकुमार मरासिनीले थारु कल्याणकारिणी सभाको केन्द्रीय महामन्त्री प्रेमीलालप्रसाद चौधरीविरुद्धको निवेदन दिनुभएको थियो।रासस


## आस्था बचत तथा ऋण सहकारी संस्था लि.

**जनकपुरधाम, मिल्स एरिया (धनुषा) नेपाल**

## आस्था बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम धनुषाको सदस्य महानुभावहरुमा १३ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस आस्था बचत तथा ऋण सहकारी संस्था लि. जनकपुरधाम, धनुषाको मिति २०७९/०८/१२ गते सोमबार बसेको संचालक समितिको निर्णय अनुसार संस्थाको १३ औं साधारण सभा तपसिलमा उल्लेखितमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाईहरुमा तोकिए बमोजिमको मिति,समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सदस्य महानुभावहरुमा अनुरोध छ।

**साधारण सभाका कार्यसूचीहरु**

१. संचालक समितिको प्रतिवेदनको सम्बन्धमा।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
३. आ.व. २०७८/०७९ लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा।
४. आ.व. २०७८/०७९ मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।
५. आ.व. २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा।
६. आ.व. २०७९/०८० को लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा।
७ साधारण सभाको ईकाइको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारण सभाको निर्णय प्रमाणित गर्न पठाउनु पर्ने एकाई प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा।
८. निर्वाचन सम्बन्धमा।
९. आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा।
१०. विविध
क. कानूनी प्रक्रिया अपनाई संस्थाको लेना रकम असुल गर्ने सम्बन्धमा ।
ख. संस्थाको भवन निर्माण गर्ने सम्बन्धमा। ग) अन्य

**सभा हुने मिति, स्थान र समयः**

| बैठक मिति | एकाई | सदस्य संख्या | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०७९/०९/१६ | १ | १ देखि १०,००० सम्म | विहान ११:०० बजे | रघुपति पार्टी प्यालेस, जनकपुर चुरोट कारखाना देखि पूर्व (मोनाष्टिक बोर्डिङ स्कुलको पछाडी, जनकपुरधाम) |
| २०७९/०९/२३ | २ | १०,००१ देखि २०,००० सम्म | | |

**पुनश्चः**

क. साधारणसभामा भाग लिन आउँदा सदस्यता परिचयपत्र वा सदस्यता खुल्ने कागजात सहित सदस्य स्वयं उपस्थित हुनुपर्नेछ।
ख. सदस्यहरुले आफ्नो सुझाव सल्लाह, निर्णय प्रमाणिकरण सभाभन्दा अगावै संस्थामा लिखित वा मौखिक उपलब्ध गराउन सकिनेछ।
ग. उपस्थिति सभाबाट छानिनुहुने सदस्यहरु २०७९/०९/२३ गतेको निर्णय प्रमाणिकरण सभामा अनिवार्य सहभागी हुनुपर्नेछ।
घ. तोकिएको मितिमा साधारण सभामा दर्ता वा उपस्थित हुन नसकेका सदस्यहरु अन्तिम दिन अर्थात २०७९/०९/२३ गते अनिवार्य उपस्थित हुनुपर्नेछ।

**प्रमुख कार्यकारी अधिकृत**



## संशोधित कर्मचारी आवशयकता समबन्धी सूचना

**प्रकाशित मिति २०७९/मंसिर /१४**

यूनिसेफ नेपाल तथा सेतो गुराँस राष्ट्रिय बालविकास सेवा ललितपुरको संयुक्त सहयोगमा यस सेतोगुराँस बालबिकास सेवा महोत्तरी सम्पर्क कार्यालय जनकपुरधामको साझेदारीमा "नेपालमा प्रारम्भिक बालशिक्षा र बिकासको सबलीकरणका लागि प्रारम्भिक सिकाई तथा विकास मापदण्ड कार्यान्वयन परियोजना" मधेश प्रदेश धनुषा जिल्लाको धनौजी गाउँपालिकामा संचालन हुन गईरहेकोले तपशील बमोजिमको पदको लागि दक्ष जनशक्ति आवश्यक परेको हुदाँ यो संशोधित सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र २०७९/०८/२० सम्म यस सेतो गुराँसको जनकपुर कार्यालयमा वा धनौजी गाउँपालिकामा आई दरखास्त दिनु हुन अनुरोध छ।

| क्र.सं. | बिज्ञापन नं. | पद | संख्या | शैक्षिक योग्यता | अनुभव | पारिश्रमिक |
|---|---|---|---|---|---|---|
| १ | २/०७९/०८० | बालबिकास संयोजक (पालिका स्तर) | १ जना | स्नातक पास वा सो सरह (शिक्षाशास्त्र संकायमा स्वास्थ्य तथा पोषण मूल विषय लिई उतीर्णलाई प्राथमिकता दिईनेछ | • प्रारम्भिक बालविकासका कार्यक्रमहरु कार्यन्वयनका लागि योजना तर्जुमा, स्रोत सामग्री तयारी तथा अनुगमन मूल्याकंन र अभिलेखीकरण सम्बन्धी सम्पूर्ण ज्ञान तथा दक्षता भएको<br>• स्थानीय स्तरमा प्रारम्भिक बालविकास सम्बन्धी सम्पुर्ण कार्यको सम्बन्धित सरोकारबाला सरकारी तथा गैर सरकारी निकायहारुसँगका समन्वय, सहकार्य, कार्यान्वयन तथा अनुगमन सहजीकरणको क्षमता भएको,<br>• प्रारम्भिक बालबिकास सम्बन्धी रार्ष्टिय तथा प्रादेशिक नीति, रणनीति, कार्यक्रमसँग सम्वन्धित हुने गरी स्थानिय स्तरमा नीति, रणनीति तथा कर्य नीति तर्जुमा गर्ने क्षमता भएको<br>• बहुक्षेत्रीय (स्वास्थ्य, पोषण ,सुरक्षा, उत्प्रेरणा, सहजीकरण प्रविधि र बलस्यहार आदि) कर्यक्रमका लागि अनुभव प्राप्त व्यक्तिलाई प्राथमिकता दिएइनेछ,<br>• नेपाली/अङ्ग्रेजी भषामा प्रतिवेदन लेख्णे क्षमता भएको।<br>• उमेर - २१ वर्ष देखि ४० वर्ष ननाघेको | संस्थाको नियम अनुसार |

**नोट** : स्थानिय महिला, दलित, two wheeler driving license बिशेष ग्राहयता दिईने छ।

**संलग्न गर्नु पर्ने कागजातहरू**

- निबेदन
- बैयक्तिक विवरण
- फोटो
- नेपालि नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी
- शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपी
- अनुभवका प्रमाणपत्र


**परिक्षाको किसीम** : लिखीत तथा अन्तरवार्ता

**सम्पर्क ठेगाना**

**सेतो गुराँस बालबिकास सेवा**
सम्पर्क कार्यालय जनकपुरधाम, धनुषा, नेपाल
सम्पर्क नं ९८०१६६९४०४, ९८१७८५५३११

**धनौजी गाउँपालिकाको कार्यालय**
सम्पर्क नं. ९८०४८१०१८८

**नोट** :
- दरखास्त पेश गर्ने अन्तिम मिति २०७९।०८।२० गते कार्यालय समय भित्र।
- दरखास्त Email मार्फत पनि दिन सकिनेछ। setoguransmahottari@gmail.com
- बैयक्तिक विवरणको बिश्लेषणबाट संक्षिप्त सूचिमा परेका उम्मेदवारलाई मात्र दोस्रो चरणको छनौट प्रकृयाको लागी टेलिफोन मार्फत खबर गरिने छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

## सरकार बनाउन पुरानै खेल

देशमा आम चुनाव सम्पन्न भएपछि नयाँ सरकार गठनका लागि दलहरुबीच संवाद सुरु भएकोछ। दलहरुले गठबन्धन बनाएर चुनाव लडेकाले कुनै एउटा दलको बहुमत आउने संभावना पनि थिएन् । एक्लाएक्लै चुनाव लड्दा राम्रो परिणाम आउन नसक्ने विश्वास गरेका नेताहरुले गठबन्धनगरी चुनावमा भाग लिए। गठबन्धनबाट चुनावमा भाग लिएका दलहरु मध्ये सत्तासीन गठबन्धनमा रहेका दलहरु सरकार बनाउन चाहिने आवश्यक संख्या नजिक पुगिसकेका छन् । विपक्षमा रहेका दलहरुको गठबन्धन बनाएर चुनावमा गएको नेकपा एमाले बहुमत भन्दा केही टाढा छ । सत्तारुढ गठबन्धनमा शक्ति बाँडफाँटमा विवाद नभए सरकार गठनमा समस्या आउने देखिदैन्। हुनत एमालेले पनि सत्तारुढ गठबन्धनबाट केही दलहरुलाई फुटाएर सरकार बनाउने प्रयास थालेको छ। एमाले अध्यक्ष केपी शर्मा ओलीले सत्ताधारी गठबन्धनमा रहेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसित संवाद गरिसकेका छन्। कांग्रेसका नेता प्रकाशमान सिंहसित पनि उनले सरकारको विषयमा भेटेर नै संवाद गरेका छन् । तर हाल सम्म एमालेले गरेको संवाद उपलब्धिमूलक हुन सकेको छैन्। सत्तासीन गठबन्धनका नेताहरुबीच सरकार बनाउनेमा सहमति छ । तर मन्त्रालयको बाँडफाँटमा अनुकूल मिल्नु पर्ने चाहना नेताहरुको देखिन्छ। हालको गठबन्धनले सरकार बनाए त्यसको नेतृत्व नेपाली कांग्रेसले नै गर्ने देखिएको छ। कांग्रेसको नेतृत्वमा सरकार गठन भए वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले नै नेतृत्व गर्ने संभावना छ। हुनत कांग्रेस संसदीय दलको नेता चयनमा सर्वसम्मति हुने संभावना छैन्। चुनावमा गए युवा नेता गगन थापा पनि अगाडि आउन सक्छन् । सरकारको नेतृत्वका लागि प्रचण्डले पनि दाबी गर्न सक्छन्। नेकपा एसका अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्रीमै दाबी नगरे पनि झलनाथ खनाललाई राष्ट्रपतिका लागि प्रस्ताव गर्न सक्ने संभावना छ। सरकार गठन हुने त निश्चित नै छ। तर सरकार कति दिन टिक्ने त्यसको निश्चितता हुनु पर्छ। सरकार बनाउन अनैतिक खेलहरु हुनु हुँदैन्। सरकार गठनका लागि सांसदहरु खरिद बिक्री हुन सक्ने आशंका छ। कतिपय नयाँ दल र कतिपय कमजोर दल छन्। सरकार गठनका लागि त्यस्ता दलका सांसदहरुलाई खरिदगरी पार्टीलाई नै ध्वस्त बनाइदिने सम्मको खेल हुन सक्छ। नेपालको संसदीय इतिहासमा यस्ता प्रशस्त घटनाहरु भएका छन्। सांसद किनबेच गर्ने पुराना खेललाई समाप्त गर्नु पर्छ। नेताहरु आफ्ना प्रतिबद्धता अनुसार काम गर्नुपर्छ। दल फुटाउने र सांसद खरिद बिक्री गर्ने प्रवृत्तिले महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा) लाई ठूलो धक्का लागेकै हो। सरकार बनाउने असंसदीय गतिविधिहरु गर्नु हुँदैन्। त्यो नभए देश मध्यावधि चुनावमा जाने जोखिम पनि कम हुनेछ।

# रबि बाली लगाउने किसानको समस्या र समाधान



सञ्जय साह मित्र

नेपाललाई जुन भौगोलिक हिसाबले तिन भागमा विभाजन गरिएको छ वा नेपालको प्राकृतिक स्वरुप रहेको छ, त्यसको एक मुख्य अंगको रुपमा रहेको छ तराई मधेस। तराई मधेसलाई जसरी अन्नको भन्डार भनिन्छ, त्यसरी यसले आफ्नो गर्व र गरिमालाई बचाउन तथा बढाउन अझै धेरै गर्न बाँकी नै रहेको छ । वास्तवमा अहिले यदि कोही तराई मधेसमा आउँछन् भने खेतबारीमा देख्न पाउँछन् धानको उत्पादनको सुन्दर दृश्य । यो दृश्य देखेर सबैको मन खुसी हुन्छन् । सहर बजार तथा पहाडतिरका मानिसलाई अहिलेको किसानको कर्मप्रति नौलोपना अनुभूति हुन्छ भने साँच्चै एक साथ दुई किसिमको जुन अवस्था रहेको छ, त्यो देखेर स्वयं किसानको मन पनि पुलकित हुन्छ।

अहिले किसानको खेतबारी धानमय भएको छ। धान काट्ने मूल समय नै यही हो। किसानहरु धान काट्दै छन्, काटिएको धान खेतमा सुकाउँदै छन्, हडम्मामा धानको दाइँ गर्दै छन्, धान भित्र्याउँदै छन् । यसकारण धानको कर्म गाउँ वरिवरिदेखि पूरा खेतबारी र फाँटसम्म देख्न पाइन्छ। कतै धुलो उडेको देखिन्छ भने त्यहाँ धानको दाइँ भइरहेको छ भन्ने अनुमान हुन्छ। यसै गरी अब जहाँ धान काट्न बाँकी छ त्यहाँ सुनौलो रंगको सुन्दर खेत देखिन्छ। जताततै धानकै मुख्य कर्म भइरहेको वर्तमान सन्दर्भमा धानको कर्मले किसानलाई एकातिर सन्तुष्टि दिएको छ भने अर्कोतिर यसले केही पिरलो पनि थपेको छ।

धानको उब्जनीले किसानलाई सन्तुष्टि दिएको छ। असारको महिनामा किसानले एक मुठी धान रोप्दा अहिले एक किलो होला भन्ने सुनौलो सपना देखेका हुन्छन् । धानको सम्पूर्ण परिश्रम र लगानी यही धान भित्र्याउनका लागि गरेका हुन्छन् र तुलनात्मक रुपमा किसानले सन्तुष्टि पाउने गरी अहिलेको धान फलेको पनि छ तर यहीँनेर अलिकति पीर कहाँ भइरहेको छ भने किसानले अहिले बेच्न खोज्दा धानको उचित मूल्य पाउन सकेका छैनन्। धानको समर्थन मूल्य सरकारले तोकेको छ तर साधारण किसानको पहुँचसम्म पुग्न सकेको छैन। किसानले धानलाई निकै सस्तोमा बेच्न बाध्य हुनुपर्ने मुख्य कारण चाहिँ किसानको पहुँच नहुनु र अगाडि आएको गर्जो हो।

किसानले आफ्नो दैनिकी पनि धानमा निर्भर गर्नुपर्ने अवस्था पनि हुन्छ। कतिपय किसानले धान बेचेर रबि बाली लगाउन खोजिरहेका छन्। यस्तो समयमा धान बेचेर गहुँको बिउ र रासायनिक मल किन्न तथा खेत जोत्नमा टेक्टर साहुलाई तिर्न निकै मुस्किल परिरहेको छ। एकातिर धानको भाउ निकै कम छ भने अर्कोतिर गहुँको बिउको भाउ निकै चर्को छ । गहुँको बिउ पनि खोजेस्तो पाउन सकिरहेका छैनन्। यसै गरी रासायनिक मलको भाउ सुनेर किसानहरु छक्क परिरहेका छन्। बोर्डर छेउछाउका किसानलाई त केही हदसम्म सजिलो यसकारण रहेको छ कि भारतबाट विभिन्न माध्यमले मल मगाइरहेका छन्। भारतमा मलको भाउ सस्तो भएकोले बोर्डर छेउका किसानले सस्तोमा नै मल पाइरहेका छन्। कतिपय यस्ता पनि मानिस छन् जो भारतबाट मल ल्याएर नेपालका बेपारीलाई दिने गरेका छन्। सस्तोमा किनेर ल्याउने तथा महँगोमा बेच्नेलाई सोझो भाषामा तस्कर भन्न सकिन्छ। किसानले भने सस्तोमा नपाउने तर किसानको नाउँमा हरेक दिन मल ल्याएर पसलेलाई बेच्ने कारणले मल महँगो भएको हो। भारतीय मलसम्म सामान्य किसानको पहुँच हुन सकेको छैन।

किसानले गहुँबालीको लागि आवश्यक मात्रामा सुलभ किसिमले मल नपाउने समस्या त रहेको छ नै। गहुँखेतीको लागि जोताइ पनि धेरै महँगो रहेको छ। सामान्यतया चार कठा खेतको साधारण जोताइ गरेर गहुँको बिउ छर्दा एक हजार रुपैया परिरहेको छ। किसानले कति मूल्य तिर्नुपर्ने र कति लिँदा धेरै हुन्छ भन्ने कुनै लेखाजोखा छैन । यसैले साधारण किसानलाई गहुँखेती निकै महँगो पर्ने देखिएको छ। जुन किसानले धान बेचेर गहुँखेती गर्नुपर्ने छ, त्यस्ता किसानलाई भने साँच्चै धेरै समस्या हुने गरेको छ। धान लिएर बजारतिर बेच्न गयो र उताबाट गहुँको बिउ, रासायनिक मल तथा अलिकति विषादि किनेर ल्याउँदा आफूले बेचेको उत्पादन र किनेको कृषि सामग्रीको मूल्य देखेर किसानको मनोविज्ञानबाट आफ्नो खुसी हराउने गरेको छ। किसानले सुपथ मूल्यमा यदि रासायनिक मल पाउने हो भने पनि किसानलाई धेरै सजिलो हुन पाउने थियो।

गहुँबालीमा किसानले सजिलो र सुलभ तरिकाले रासायनिक मल पाउने हो भने गहुँको उत्पादन पनि बढ्ने हुन्थ्यो। यदि गहुँको बिउ पनि किसानले सोचेको जस्तो र खोजेको मूल्यमा दिँदा किसानले सजिलो गरी आधुनिक तथा प्रशोधित बिउको प्रयोग गर्ने थिए। यसै गरी मलको पनि आवश्यक मात्रामा उपयोग गर्न पाउने थिए। रासायनिक मलको आवश्यक मात्रामा उपयोग गर्न पाएपछि किसानलाई उत्पादनप्रति बढी विश्वास हुन्थ्यो, बढी भरोसा हुन्थ्यो । अहिले एकातिर धान काट्दै खाली भएको खेतमा अधिकांशले गहुँबाली लगाइरहेका छन्। गहुँबालीको उत्पादन पनि कसरी राम्रो हुन्छ भन्ने ध्याउन्नमा किसानहरु रहेका छन्। आखिरमा किसानको लागि बालीको उत्पादन नै महत्वपूर्ण कुरो रहेको छ।

त्यो किसान जसले मसुरो तथा तोरी खेती गर्नुपर्ने थियो, गरिसकेका छन्। मसुरो तथा तोरी खेती केही छिटो गर्नुपर्ने हुन्छ । धानखेतीमा पानी ढिलोसम्म रहेको खेतमा किसानले गर्दछन् तर मसुरो खेती भने अलिकति अग्लो जमिनमा हुन्छ। हिउँदमा पानी पर्दा पनि पानी नजम्ने खेतमा मसुरो तथा तोरी खेती राम्रो हुने गरेको छ। धानखेतीमै पानी जम्ने खेतमा गहुँखेती राम्रो मानिन्छ। यो सामान्य अवस्था हो तर सामान्य किसान जो आफ्नो खेतीलाई जीवन निर्वाहको उपयुक्त साधन मान्दछन्, लाई धानको उत्पादनपछि सोझै गहुँको उत्पादन हुन्छ। धानको उत्पादन गरेपछि आफ्नो खेतमा गहुँबाली लगाउने एउटै कारण यो रहेको छ कि जसरी धानको उत्पादनले एक वर्ष खानलाई पुग्ने विश्वास छ, त्यसरी नै गहुँखेती गरिसकेपछि अब कसरी गहुँको उत्पादनले एक वर्ष परिवारको पेट पाल्नलाई हुन्छ। हुन त धानको उत्पादन राम्रो भएपछि गहुँको उत्पादन पनि राम्रै हुनुपर्छ भन्ने होइन। धानको उत्पादनमा पहिले मौसमले धोका दिएको जस्तो भएको थियो। गहुँको उत्पादन पनि मौसममा नै निर्भर रहने हो। कमसे कम एकचोटि गहुँको समयमा आकाशे पानी परेन भने किसानले बडो मुस्किलले एकचोटि गहुँमा सिंचाइ गर्दछन्। दोहोऱ्याएर गहुँमा सिंचाइ गर्ने सामर्थ्य किसानले राख्दैनन्। खेतीलाई जहिले पनि सम्भावनाको खेल भनेर किसानले भन्ने गरेका छन्। गहुँमा दुई चोटि सिंचाइ गर्ने तथा तिन चोटि मल हालेर यदि उत्पादनमा कुनै अन्य कारणले कमी हुन गयो भने किसानले धेरै घाटा बेहोर्नुपर्ने हुन्छ। सामान्यतया गहुँको बिउ छर्ने बेलामा बिउसँगै किसानले मल छर्छन् भने जतिपटक सिंचाई गर्नुपर्छ, त्यत्तिपटक किसानले गहुँमा मल छर्नुपर्ने हुन्छ । र जतिसुकै सिंचाइ गरे पनि आकाशबाट परेको पानीको तुलनामा कृत्रिम तरिकाले गरिएको सिंचाइ कम फलदायी हुन्छ । आकाशबाट पानी पर्दा सम्पूर्ण वातावरण नै फरक हुन्छ भने कृत्रिम सिंचाइले जुन खेतमा सिँचाइ भयो, त्यस खेतमा केही समयमात्र चिस्यान रहन्छ। यद्यपि गहुँबालीलाई धानबालीजस्तो धेरै पानीको आवश्यकता पर्दैन । गहुँको राम्रो उत्पादनमा दुई चोटि सिंचाइले नै काम गर्ने हुन्छ र गहुँबाली लगाइएको खेतमा पानी जम्ने गरी सिंचाइ भयो वा आकाशे पानी पऱ्यो भने खेतीलाई हानि नोक्सानी पुऱ्याउने हुन्छ।

किसानका धेरै अपेक्षा पनि हुँदैन । आफ्नो उत्पादनको मूल्य राम्रो पाउने र खेती गर्ने बेलामा मल तथा बिउ सर्वसुलभ तरिकाले प्राप्त भए पुग्छ। मल त आफ्नो देशमा निर्माण हुँदैन तर हरेक वर्ष मुख्य सिजनमा कतैबाट मलको आपूर्ति गर्ने काम भने हुन सकेमा निकै राम्रो हुन्छ । किसानलाई रासायनिक मल र उत्पादित वस्तुको मूल्य पाउँदा नै किसान हर्षित हुन्छन्, सन्तुष्ट हुन्छन् । कृषिसित सम्बन्धित किसानका समस्याहरु समाधानमा सम्बन्धित पक्षको समयमै ध्यान दिई समस्या समाधान हुने हो भने तराई मधेसलाई जसरी अन्नको भन्डार भनिन्छ, त्यो भनाइ पूर्णतया सार्थक हुने थियो। तराईलाई अन्नको भन्डारको रुपमा चिनाउन सकिन्थ्यो।

# तीन दशकदेखि महिलाको अवस्था उस्तै

**तारा वाग्ले**

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ४ मा भनिएको छ, 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक छ'। संविधानको यो व्यवस्था संविधान कार्यान्वयनमा आएको ६ वर्ष बितिसक्दा पूर्णतः कार्यान्वयन हुन सकेको छैन। भर्खरै सम्पन्न प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचनको परिणाम हेर्दा महिलाको उपस्थिति निराशजनक देखियो। संघीय निर्वाचनमा पनि प्रत्यक्षतर्फ पुरुषलाई उम्मेदवार बनाइने र महिलालाई समानुपातिकबाट तान्ने प्रवृत्ति स्थापित भएकोले प्रत्यक्ष तर्फको सिटमा महिलाको समान पहुँच अझै पुग्न नसकेको हो।

आम निर्वाचन २०७९ मा देशभर प्रतिनिधिसभा प्रत्यक्षतर्फ दुई हजार चार सय २२ उम्मेदवार कायम रहेका थिए। जसमध्ये महिला उम्मेदवारको संख्या दुई सय २५ जना मात्र थियो। सो सङ्ख्याबाट नौ जना महिला मात्र संसद्मा पुग्न सफल भए। प्रत्यक्षतर्फ सबैभन्दा धेरै महिला उम्मेदवार उठाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट १२ जना महिला उम्मेदवार भएकोमा दुई जना महिला निर्वाचित हुनुभयो। त्यस्तै नेकपा एमालेका ११ महिला उम्मेदवारमध्ये ३ जनाले जित हासिल गर्नुभयो भने एक जनाले अग्रता लिनुभएको छ। नेपाली कांग्रेसका पाँच महिला उम्मेदवारमध्ये एक र नेकपा माओवादी केन्द्रका सात महिला उम्मेदवारमध्ये एक तथा नागरिक उन्मुक्ति पार्टीका एक महिलाले प्रतिनिधिसभा सदस्य प्रत्यक्ष चुनावबाट संसद्मा पाइला टेक्नुभएको छ।

**यी हुन नौ जना**

यसपटक दुईजना युवा महिलाको नयाँ अनुहारका रुपमा प्रतिनिधिसभामा प्रवेश भयो। ललितपुर निर्वाचन क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा तोसिमा कार्की तथा काठमाडौँ निर्वाचन क्षेत्र नम्बर २ बाट सोविता गौतम निर्वाचित हुनुभयो। कार्कीले ३१ हजार एक सय २६ मतसहित विजय हासिल गर्नुभयो भने गौतम १५ हजार दुई सय ३८ मतसहित निर्वाचित हुनुभयो।

त्यस्तै धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर ३, प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा नेकपा (एमाले) की जुलीकुमारी महतो ३३ हजार तीन सय ८८ मतसहित निर्वाचित हुनुभयो भने कास्की क्षेत्र नम्बर २ बाट एमालेकै विद्या भट्टराईले १६ हजार ९ सय ९८ मत प्राप्त गरी प्रतिनिधि सभामा विजय हासिल गर्नुभयो। बारा निर्वाचन क्षेत्र नं ३ मा नेकपा एमालेकी ज्वालाकुमारी साहले २० हजार दुई सय ५१ मत सहित प्रतिनिधि सभामा जित सुनिश्चित गर्नुभयो।

यसैगरी नेकपा माओवादी केन्द्रकी रेखा शर्मा दाङ जिल्ला निर्वाचन क्षेत्र नं २६ हजार मा हजार आठ सय ८० मतसहित निर्वाचित हुनुभयो। कैलाली-१ मा प्रतिनिधिसभातर्फ नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार रञ्जिता श्रेष्ठ ३० हजार चार सय चार मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो। नेपाली कांग्रेसकी उम्मेदवार सीता गुरुङ तेह्रथुम निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा १९ हजार ७०२ मतसहित जित हासिल गर्नुभयो।

सुनसरी प्रतिनिधि सभा क्षेत्र नम्बर ३ मा नेकपा एमालेकी भगवती चौधरीले ३० हजार १५५ मत सहित निरन्तर अग्रता लिएको हुँदा उहाँको जित निर्िश्चित प्राय छ। पछिल्लो मतपरिणाम अनुसार अहिलेसम्म प्रतिनिधि सभाको प्रत्यक्षतर्फ नौ जना मात्र महिला मात्र विजयी हुने देखिएको छ।

**३ दशकदेखि उस्तै छ अवस्था**

संविधानले नै महिलाको संसद्मा ३३ प्रतिशत प्रतिनिधित्व अनिवार्य गरेका कारण विगत देखि नै सो अनुरूप महिलाको सहभागिता हुँदै आएको छ। तर प्रत्यक्ष तर्फको सिटमा भने महिलालाई उम्मेदवारी दिन नै कन्जुस्याइँ गरेका कारण महिलालाई प्रत्यक्षबाट संसद्मा पुग्न सकस भएको छ। संविधानले समावेशी समानुपातिक व्यवस्था गरेका कारण महिला सांसदहरूको समग्र संख्या बढेको भएपनि प्रत्यक्ष निर्वाचित हुने महिला सांसदहरूको संख्या प्रजातन्त्रको पुनर्स्थापना पछि अझै खस्कदो छ। संसद्मा महिलाको प्रतिनिधित्व बढाउन ३ दशकदेखि गरेको सङ्घर्षको प्रतिफल भने अहिले पनि निराशाजनक नै छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११४ मा महिला उम्मेदवारका सम्बन्धमा व्याख्या गरेपछि प्रत्यक्ष महिला उम्मेदवार अनिवार्य उठाउने प्रचलन बसेको हो। सो संविधानले प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तिमा पाँच प्रतिशत महिलाको उम्मेदवारी अनिवार्य गरेको थियो। त्यसपछि भएको २०४८ सालको निर्वाचनमा ७ जना महिला सांसद निर्वाचित भएका थिए। २०५० सालमा सम्पन्न उपनिर्वाचनमा थप १ जना महिला उम्मेदवार विजयी भएका थिए। सोही अनुसार, सो प्रतिनिधि सभामा ८ जना महिला सांसद थिए।

यसैगरी २०५१ मा सम्पन्न निर्वाचनमा पनि ८६ जना महिला उम्मेदवार थिए। तीमध्ये ७ जना विजयी भएका थिए। २०५६ मा त यो संख्या बढेर १२ पुगेको थियो। २०५६ सालमा सम्पन्न आमनिर्वाचनमा विभिन्न राजनीतिक दलहरूबाट ११७ र स्वतन्त्रबाट २६ गरी कुल १४३ जना महिला उम्मेदवार थिए। जस मध्ये १२ जना विजयी भएका थिए।

२०६४ सालमा सम्पन्न संविधान सभाको पहिलो निर्वाचनमा २०४७ सालको संविधानको प्रावधान हटाइ ३३ प्रतिशतको अवधारणा ल्याइयो। त्यसबेला निर्वाचित ६०१ जना कुल सभासद्मध्ये १७४ जना महिला समानुपातिकबाट र २९ जना प्रत्यक्षबाट निर्वाचित भए। त्यसपछि २०७० मा सम्पन्न दोस्रो संविधान सभाको निर्वाचनमा ११ जना प्रत्यक्ष, १६२ समानुपातिक र मनोनित ४ जना लगायत कुल १७७ जना महिला निर्वाचित भएका थिए।


यसैगरी संविधान बनेपछि २०७४ मा भएको पहिलो संघीय निर्वाचनमा त झन् प्रत्यक्ष निर्वाचित महिलाको संख्या ६ मा सीमित भएको थियो। २०७४ को प्रतिनिधिसभा निर्वाचनमा विभिन्न दलबाट १२९ महिला उम्मेदवार थिए।

पहिलोपटक प्रत्यक्ष चुनाव लडेर जित्नेमा साधनादेवी नेपालको नाम अंकित छ। उहाँले २०१० सालको काठमाडौं नगरको निर्वाचनमा वडा नं ८ विजय हासिल गर्नुभएको थियो। त्यस्तै पहिलो सांसदका रुपमा २०१५ सालमा द्वारिकादेवी ठकुरानी निर्वाचित हुनुभएको थियो।

महिला राजनीतिज्ञहरूले भने पुरुषलाई समानुपातिकतर्फ राखेर धेरै महिलालाई प्रत्यक्षतर्फ प्रतिष्पर्धा गराउने अवसर दिनुपर्ने बताउँदै आएका थिए। उनीहरूले हरेक निर्वाचनमा क्रमशः महिलाहरुको निर्वाचित संख्या घट्दै गएकोले महिला नेतृ उठेको स्थानमा महिला नेतृलाई नै उठाउनुपर्ने माग गरेका थिए। तर सो माग पनि पूरा हुन सकेन।

राजनीतिमा समाजको मनोवैज्ञानिक दृष्टिकोणलाई परिवर्तन गर्नको लागि पनि प्रत्यक्ष निर्वाचनबाट महिलाहरुले जित्नु आवस्यक भएको वताउँदै आएका महिला नेतृहरु महिला उम्मेदवारीको मुद्दालाई साझा मुद्दा बनाएर लैजानुपर्नेमा जोड दिंदै आएका छन्। आगामी निर्वाचनमा यस्तो स्थिति दोहोरिन नदिन राजनीतिक दलले समावेशी सिद्धान्तको अनुसरण गर्दै प्रत्यक्ष निर्वाचन मार्फत महिला सहभागिता बढाउने प्रयास थाल्नुपर्ने खाँचो देखिएको छ।श्रोतः आइएनएस-स्वतन्त्र समाचार

# स्वास्थ्य बीमा कार्यक्रमले सामुदायिक फार्मेसीहरुमा पारेको प्रभाव



नविन विष्ट

नेपाल सरकारले सन २०१५ मा नेपालमा स्वास्थ्य बिमा सेवाको सुरुवात गरेको हो। सुरुमा बागलुङ,कैलाली र इलाम जिल्लाबाट सुरु भएको यो कार्यक्रम अहिले नेपालको ७७ वटै जिल्लाका जनताहरूलाई सेवा दिइरहेको छ। स्वाथ्य सेवा देशका सबै नागरिकहरूले सहुलियत मूल्यमा पाउनुपर्छ भन्ने उद्देश्यले सुरुवात गरेको यो कार्यक्रमले देशका मुख्यतः गरिब अनि विपन्न वर्गका मानिसहरूलाई धेरै राहतको काम गरिराखेको छ। स्वाथ सेवा देशका सबै नागरिकहरुको मौलिक अधिकार भएको अनि देशका सबै नागरिकहरुलाई सस्तो मूल्यमा स्वास्थ्य सुविधा उपलब्ध गराइरहेको हुँदा स्वास्थ्य बिमा कार्यक्रम देशको सफल अनि नेपाल सरकारको एउटा प्रशंसा गर्नयोग्य कार्यक्रम बन्न पुगेको छ।

नेपाल सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम दीर्घकालिन रूपमा अगाडि बढाउन उत्कृष्ट नीति र योजना बनायता पनि यसको कार्यान्वनमा भने केही कमजोरीहरु भएको पछिल्ला दिनहरूमा बिरामीहरूको निराशाबाट अनुभूति गर्न सकिन्छ। सरकारले यस बिमा कार्यक्रम लागुहुने सरकारी अस्पतालमा सबै प्रकारका चेकजाँचका उपकरणहरू उपलब्ध नहुँदा, दक्ष जनशक्तिको अभाव,सीमित प्रकारका मात्रै औषधिहरू उपलब्ध हुँदा आधाउँदि मात्रै सुविधा बिमा अन्तरगत पाइने बिरामीहरूको गुनासो छ।

यस समस्यालाई समाधान गर्नको लागि सरकारले पहल नगरेको भने होइन। यस कार्यक्रममार्फत प्राथमिक स्वास्थ्य केन्द्रमा सम्भव नभएका सुविधाहरु बिरामीहरूलाई उपलब्ध गराउनका निमित्त सरकारले देशका विभिन्न ठाउँमा रहेका सुविधा सम्पन्न प्राइभेट अस्पतालहरुसँग समन्वय गरेको छ। यद्दपि सरकारले समयमै ती अस्पतालहरुलाई पैसा भुक्तानी नगर्दा यो सुविधा प्राइभेट अस्पतालहरुले बेलाबेलामा बन्द गरिदिने हुँदा बिरामीहरूलेनै सास्ती बहोर्नुपरेको गुनासो छ। साथै बिमाको रकम बराबरको सुविधा लिइसकेपछि प्राइभेट अस्पतालकै रेटमा बिपन्न नागरिकहरुले पैसा तिर्न नसक्ने हुँदा अर्को समस्या देखिएको छ। घरबाट टाढा बस्दै गर्दा बिरामी भएमा प्राथमिक केन्द्रमा गएर रिफर ल्याउनुपर्ने,सामान्य चेक र औषधिको लागि पनि चिकित्सकको प्रेस्क्रिप्सन चाहिने र रिफरको समय अवधि छोटो हुँदा समस्या भएको घरबाट टाढा बस्ने विमितहरुको गुनासो छ।यस बिमा कार्यक्रम लागूहुने, देशको जुनसुकै स्वास्थ्य केन्द्रबाट सजिलै बिमाको सुविधा पाउनुपर्ने व्यवस्था सरकारले मिलाइदिन पर्ने उनीहरूको आसय छ।

फार्मेसी क्षेत्रमा केन्द्रित भएर हेर्दा स्वस्थ्य बिमा बोर्ड सुविधा थैलीमा उल्लेखित गरे अनुसार ११०८ प्रकारका औषधिहरू अस्पताल फार्मेसीबाट बिमितहरुलाई निःशुल्क उपलब्ध हुने जनाइएको छ। यती धेरै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा बिरामी तथा दीर्घरोगीहरुलाई आर्थिक रूपमा धेरै सहायता भएपनि सामुदायिक फार्मेसीहरुमा भने यो स्वास्थ्य बिमा कार्यक्रमले निकै असर परेको पछिल्ला दिनहरूमा देखिएको छ। प्रायः सामुदायिक फार्मेसीहरुमा दैनिक रूपमा दिर्घोघगीहरुलाई चाहिने प्रेसर,सुगर,दम इत्यादिका औषधीहरु विशेष रूपमा बिक्री वितरण भएको पाईन्छ। दैनिक रूपमा जटिल तथा महंगा औषधि भन्दा पनि सामान्य रूपमा ओभर द काउन्टर औषधिहरु बेचेर सामुदायिक फर्मासिस्टहरुले जीविकोपार्जन गरेको पाईन्छ। आजकल स्वास्थ्य बिमा अन्तर्गत यी प्रायजसो सबै औषधिहरू निःशुल्क रूपमा पाइने हुँदा सामुदायिक फार्मेसीहरुमा व्यापार ह्वात्तै घटेको पाइएको छ। यति धेरै औषधिहरू निःशुल्क रूपमा सरकारी अस्पताल फार्मेसीबाट सजिलै उपलब्ध हुने भएपछि सामुदायिक फार्मेसीहरुमा व्यापार नै नभए सरह देखिएको छ।

यस स्वास्थ्य बिमा कार्यक्रमले देशभरिका सामुदायिक फार्मेसीहरुमा प्रतिकूल असर देखिएको छ, मुख्यतः सहरी भन्दा पनि ग्रामीण क्षेत्रमा बिरामीहरूलाई औषधि सुविधा दिन खोलिएका सामुदायिक फार्मेसीहरु बन्द हुने नै स्थिति मा पुगेका छन भने कतिपय त बन्द नै भइसकेका छन्। सहरी क्षेत्रमा पनि कतिपय सामुदायिक फार्मेसीहरुले व्यापार नहुँदा स्टाफलाई तलब र पसल भाडा पनि तिर्न मुस्किल भएको गुनासो गरेको पाइएको छ। औषधि उपचारमा चाहिने प्राय सबै किसिमका औषधिहरू स्वास्थ्य बिमा कार्यक्रमबाट निःशुल्क रूपमा नै अस्पताल फार्मेसीबाट पाइने हुँदा बिरामीहरु सामुदायिक फार्मेसी तिर आउन छाडेको उनीहरूको गुनासो छ। अझ सरकारले अब बिमाको सुविधा बढाएर १० लाख सम्मको बनाउने योजना गरिरहेको हुँदा उनीहरूमा झन् निरासा बढेको छ।

औषधि व्यवस्था विभागका अनुसार नेपालमा हालसम्म २७ हजार ९०३ फार्मेसीहरु दर्ता भएका छन्। अब सामुदायिक फार्मेसीहरुमा भोलि कतै फार्मेसीनै बन्द पो गर्नुपर्ने स्थिति हुनेहो कि भन्ने कुराको त्रास उत्पन्न भएको पाईन्छ। वर्षौंदेखि यिनै फार्मेसीबाट नै गुजारा चलाउँदै आइरहेका र सामुदायिक फार्मेसी खोलेर नै जीविकोपार्जन गर्छु भनेर सोच बनाएका देशका यतिधेरै फर्मासिस्टहरु भोलि सम्झेर नै निरास भएका छन्।

हालसम्म काउन्सिलमा दर्ता भएका डिप्लोमा तहका ८ हजार ३ सय ५९ र ब्याचलर तर्फ ४ हजार २ सय ६१ जना गरी नेपालमा हाल १२ हजार ६ सय २० जना फर्मासिस्टहरु छन्। वर्षेनी नेपालमा डिप्लोमा तहमा २ हजार देखि २२ सय र ब्याचलर तहमा १ हजारदेखि १५ सयसम्म जनशक्ति उत्पादन हुने गर्छन्। एक वर्षमा यति धेरै फर्मासिस्टहरु करिब (३०००-३५००) पढाउन सिट निर्धारण गरेको सरकारले सरकारी स्तरमा निकै न्यून मात्रामा करिब १ प्रतिशत भन्दा पनि कम संख्यामा लोकसेवा आयोगमा विज्ञापन खुलाउँदै आएको पाईन्छ। सरकारी सेवामा प्रवेश गर्न निकै कम संख्याको माग हुने र नाम निस्कने मौका निकै न्यून हुने हुँदा अधिकांश पदाई सकेका फर्मासिस्टहरुले कि त आफै कम्युनिटी फार्मेसी खोल्ने कि कम्युनिटी फार्मेसीहरुमा जागिर गर्ने गरेको पाईन्छ।

यस कुराले नेपालका अधिकांश फर्मासिस्टहरु सामुदायिक फार्मेसीमा कतिधेरै निर्भर छन् त भन्ने कुरा दर्साउँछातर आहिले स्वास्थ्य बिमा कार्यक्रमले सृजना गरेको वातावरणले देशका यति धेरै दक्ष जनशक्तिको भविष्य अन्योलमा परेको छ। साथै फार्मेसी पढ्ने सोच बनाइरहेका र पढ्दै गरेका विद्यार्थीहरुलाई समेत पढ्नेबेलामा यति धेरै पैसा खर्च गरेर पढेर भोलि कतै बेरोजगार पो बस्न पर्ने हो कि भन्ने चिन्ताले निरुत्साहित परेको छ। फार्मेसी पढाउन खोलिएका शैक्षिक संस्थाहरु पनि विद्यार्थीहरुको फार्मेसी पेसा तर्फको घट्दो आकर्षण र विद्यार्थी भर्ना हुने संख्या वर्षेनि रूपमा घट्दो देख्दा निकै चिन्तित बनेका छन्। यस्तो अवस्थाले भोलि कतै फर्मासिस्टहरुको अस्तित्व नै सकिने पो होकी भन्ने प्रश्न पनि उत्पन्न गरेको छ।

यस समस्याको समाधानको बाटो सोच्दा,आफ्नो देशका जनता हरुलाई सुलभ मूल्यमा गुदस्तर स्वास्थ्य सेवा प्रदान गर्नु सरकारको दायित्व हो साथै आफ्नो देशमा उत्पादन भएका यति धेरै दक्ष जनशक्ति (फर्मासिस्ट) लाई रोजगारको वातावरण सृजना गर्न पनि सरकारको भूमिका रहनुपर्छ। हालसम्मको स्थिति हेर्दा स्वास्थ्य बिमा बोर्ड सुविधा थैलीमामा करिब ११०८ औषधिहरु उपलब्ध हुने जनाएपनि कहिले औषधिको अभाव,कहिले टेन्डर भएता पनि औषधि अस्पतालमा नआइपुगेको इत्यादीको समस्या देखाई कतिपय औषधिहरू बिरामीहरु बाहिर सामुदायिक फार्मेसीबाट किन्न बाध्य भएको पाइन्छ। यहाँ पनि बिमितहरु आफूले निःशुल्क पाउन पर्ने औषधि बाहिर सामुदायिक फार्मेसीमा पैसा तिरेर किन्न बाध्य छन्। स्वास्थ्य बिमा प्रतिको जनताको सचेतना र बढ्दो आकर्षणले अस्पताल फार्मेसीहरुमा बिरामी चाप उच्च हुन थालेकोले अस्पताल फार्मेसीहरुको टेन्डर (खरिद प्रकिया ) मा समस्या देखिएको छ। सरकारले बिमा मार्फत अस्पताल फार्मेसीमा समयमै पैसा भुक्तान नगरिदिँदा समय समयमा सरकारी अस्पतालहरूले समेत बिमा सुविधा केही समयको लागि बन्द भएको सूचना निकालेको पाइन्छ। यस्ता कुराहरूले बीमितहरुनै मारमा पर्दछन्।

तसर्थ सरकारले यस स्वास्थ्य बिमा कार्यक्रम थप सहज र देश भरीका सबै नागरिकहरुको पहुँचमा पुऱ्याउन देशका सबै सामुदायिक फार्मेसीमाहरुमा सम्वनय गर्ने हो भने बीमितहरुले झन् सहज रुपमा नै औषधि सुविधा पाउने छन्। अस्पताल फार्मेसीमा नपाइएको औषधि बाहिर फार्मेसीहरुबाट निःशुल्क बिरामीहरूलाई पाए यस बिमा कार्यक्रमले थप सार्थकता पाउने थियो। आफूलाई चाहिएको औषधि डाक्टरको प्रेस्क्रिप्सन देखाएपछि जुनसुकै फार्मेसीबाट पनि निःशुल्क रूपमा बिरामीले पाउने व्यवस्था मिलाउने अनि सरकारले फार्मेसीहरुलाई समयमै पैसा भुक्तानि गरिदिने हो भने बिमितहरुलाई पनि सहजता र सामुदायिक फार्मेसिहरुको पनि भविष्य अन्योलमा पर्ने छैन।

आजकल प्रविधिको समय छ। यस कुरामा पारदर्शिता ल्याउनको लागि हरेक नागरिकहरुको डिजिटल बिमा कार्डको व्यवस्था गर्ने, उसको प्रेस्क्रिप्सनको डिटेल रेकर्ड र कम्युनिटी फर्मासिस्टहरुले सिधा बिमा बोर्डमा अपलोड गर्दिने व्यवस्था मिलाए बीमितको सेवा सुविधा के कति लिएको छ,कति बाँकी छ सजिलै थाहा हुनेछ।आजकलको प्रविधिको जमानामा यो कुरा सजिलै सम्भव पनि छ। यस्तो व्यवस्था सरकारले नीति ल्याएमा बीमित तथा बिरामीहरुलाई पनि सहजता अनि सामुदायिक फार्मेसीहरुको पनी भविष्य सुनिश्चत हुने थियो।सौजन्य :स्वास्थ यखबर

# प्रदेशसभाबाट प्रतिनिधिसभामा प्रवेश गर्ने र रोकिनेहरू



काठमाण्डु । बाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे यसपटकको निर्वाचनमा धादिङ निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो ।

विसं २०७४ को निर्वाचनमा प्रदेशसभा सदस्य निर्वाचित पाण्डे यसपटक नेकपा (एकीकृत समाजवादी) पार्टीबाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको हो। गत निर्वाचनमा सुनसरी निर्वाचन क्षेत्र नं १(२) बाट प्रदेशसभा सदस्य निर्वाचित भई प्रदेश नं १ को मुख्यमन्त्रीसमेत भइसक्नुभएका भीमप्रसाद आचार्य यसपटक सुनसरी निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको छ।

विसं २०७४ निर्वाचनमा कालिकोटबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका महेन्द्रबहादुर शाही यसपटकको निर्वाचनमा कालिकोटबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । शाही कर्णाली प्रदेशको पहिलो मुख्यमन्त्री हुनुभएको थियो । गत निर्वाचनमा लमजुङबाट प्रदेशसभा सदस्य निर्वाचित भई गण्डकी प्रदेशको मुख्यमन्त्रीसमेत बन्नुभएको पृथ्वी सुब्बा गुरुङ यसपटक भने प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको छ । गुरुङ गण्डकी प्रदेशको पहिलो मुख्यमन्त्री बन्नुभएको थियो ।

विसं २०७४ को संसदीय निर्वाचनमा काठमाडौँ निर्वाचन क्षेत्र नं ८ बाट वाग्मती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका विराजभक्त श्रेष्ठ यसपटकको निर्वाचनमा काठमाडौँ ८ बाट सांसद पदमा विजयी हुनुभएको छ। गत निर्वाचनमा विवेकशील साझा पार्टीबाट समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेशसभा सदस्य निर्वाचित हुनुभएका श्रेष्ठ यसपटक स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

त्यसैगरी, सल्यानको प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका प्रकाश ज्वाला यसपटक नेकपा एकीकृत समाजवादीबाट उम्मेद्वार भई प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको छ । गत निर्वाचनमा प्रदेशसभा सदस्य निर्वाचित भई ज्वाला कर्णाली प्रदेशको मन्त्रीसमेत बन्नुभएको थियो ।

विसं २०७४ को निर्वाचनमा कांग्रेसका तर्फबाट कैलाली ५ (२) बाट निर्वाचित डिल्लीराज पन्त अहिले कैलालीको ५ नं क्षेत्रबाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको छ। विसं २०७४ को निर्वाचनमा सिन्धुलीबाट वाग्मती प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएका लेखनाथ दाहाल यसपटक सिन्धुली निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित हुनुभएको छ।

विसं २०७४ को निर्वाचनमा सिन्धुपाल्चोक १ बाट प्रदेशसभामा निर्वाचित सरेश नेपालले यसपटक प्रतिनिधिसभामा उम्मेद्वारी दर्ता गराएपनि माओवादीका माधव सापकोटाबाट पराजित हुनुभएको छ। नेपाल यसअघि वाग्मती प्रदेशको मन्त्रीसमेत हुनुभएको थियो।

विसं २०७४ को निर्वाचनमा भोजपुर निर्वाचन क्षेत्र नं १ (२) बाट प्रदेशसभा सदस्य निर्वाचित भईप्रदेश नं १ को पहिलो मुख्यमन्त्री निर्वाचित हुनुभएका शेरधन राई यसपटकभोजपुरबाट प्रतिनिधिसभा सदस्य पदमा नेकपा (माओवादी केन्द्र)का सुदन किरातीबाट पराजित हुनुभएको हो। यसअघि काठमाडौँ निर्वाचन क्षेत्र नं २ बाट प्रदेशसभा सदस्य निर्वाचित मणिराम फुँयालले काठमाडौँ २ बाट प्रतिनिधिसभा सदस्यका लागि नेकपा (एमाले) का तर्फबाट टिकट पाउनुभएको थियो । उहाँ पनि राष्ट्रिय स्वतन्त्र पार्टीकी सोविता गौतमसँग पराजित हुनुभएको छ ।रासस

# एकीकृत समाजवादीको निष्कर्ष, गठबन्धन दलसँगको सहकार्य निरन्तर




काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)ले वर्तमान गठबन्धन दलहरुसँगको सहकार्यलाई आगामी दिनमा निरन्तरता दिने निष्कर्ष निकालेको छ । समाजवादीको आज बसेको बैठकले निर्वाचन नतिजापछिको राजनीतिक घटनाक्रमको विकास सँगसँगै आगामी रणनीति गर्ने निर्णय गरेको बैठकपछि अध्यक्ष माधवकुमार नेपालले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो,"राष्ट्रिय राजनीतिको आगामी बाटो बारेमा गम्भीर चिन्तन मनन गर्‍यौँ । देश कतै दक्षिणपन्थी दिशातर्फ जान लागेको त होइन भन्ने कुरालाई गम्भीरताका साथ लिँदै त्यसबाट सतर्क हुनुपर्ने आवश्यकता महसुस गर्‍यौँ ।' बैठकमा देशभरिबाट पार्टीले पाएको मतपरिणामका बारेमा छलफल भएको जानकारी दिँदै अध्यक्ष नेपालले इलाम र उदयपुरको नतिजालाई गम्भीरतापूर्वक लिएको बताउनुभयो ।

"देशभरबाट निर्वाचनको सूचना आउन बाँकी रहेको आएपछि विस्तृत र गम्भीर समीक्षा गर्ने छौँ', उहाँले भन्नुभयो । बैठकले पार्टीका तर्फबाट विजयी उम्मेदवारलाई बधाई तथा निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र आम मतदातालाई धन्यवाद दिएको छ । अध्यक्ष नेपालले अहिलेकै अवस्थामा वामपन्थी दलबाट सरकार बन्ने सम्भावना आफूले नदेखेको बताउनभुयो ।

एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडाले स्थायी कमिटी, केन्द्रीय कमिटी र जिल्ला भेलामार्फत निर्वाचनको समीक्षा गरिने बताउनुभयो । निर्वाचनबाट प्राप्त परिणाम सन्तोषजनक नभए पनि गठबन्धनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्नुपर्ने निष्कर्षमा पुगिएको उहाँको भनाइ छ।

"निर्वाचनमा जेजस्तो मत परिणाम प्राप्त गर्‍यौँ । त्यो हामीले सोचेजस्तो छैन', उहाँले भन्नुभयो, "तर सोचेजस्तो छैन भन्दैमा, गठबन्धनसँगै लागेर प्राप्त उपलब्धिलाई रक्षा गर्नुपर्छ र गठबन्धनको भावनाअनुसार आगामी दिनमा सहकार्य गर्नुपर्छ भन्ने निष्कर्षमा पुगेका छौँ ।' सरकारमा सहभागी हुने विषयमा पार्टीभित्र कुनै छलफल नभएको उहाँले जानकारी दिनुभयो । निर्वाचनको अन्तिम नतिजा आइसकेको छैन। केही स्थानमा निर्वाचन हुनै बाँकी छ। केही स्थानमा विवाद छन् ।

"समानुपातिक मत परिणामबाट राजनीतिक दलहरुले प्राप्त गर्ने सिट सङ्ख्याका आधारमा संसद्को समीकरणमा तलमाथि हुनसक्छ । सरकार गठनको अवस्थाका बारेमा आज हामीले छलफल गरेनौँ', उहाँले भन्नुभयो, "संसद्को गणित निश्चित हुनुपर्‍यो । सरकार कस्तो बन्छ भन्ने कुरा पहिले टुङ्गिनु पर्‍यो । सरकार बन्दा त्यसका नीति कार्यक्रम पाँच वर्षसम्म जान सक्ने सम्भावनाका बारेमा हेरेर मात्रै अन्य विषयमा छलफल गर्न सकिन्छ ।'

सरकारमा सहभागी हुने आधार र वातावरण तयार भएपछि मात्रै यस विषयमा छलफल हुने उहाँको भनाइ छ ।"सरकारमा सहभागी हुने विषयमा मंगलवार कुनै निर्णय भएन', प्रवक्ता जगन्नाथ खतिवडाले भन्नुभयो ।रासस

# झापामा प्रदेशभन्दा प्रतिनिधिसभातर्फको बदर मत बढी

झापा । झापामा प्रतिनिधिसभाको भन्दा प्रदेशसभाको प्रत्यक्षतर्फ बदर मत कम भएको छ । प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ खसेको चार लाख १२ हजार तीन सय छ मध्ये २३ हजार नौ सय ६० मत अर्थात् पाँच दशमलव ८१ प्रतिशत बदर भएको निर्वाचन कार्यालय झापाले जनाएको छ ।

निर्वाचन कार्यालयका प्रमुख तुलसीप्रसाद नेपालले प्रदेशका १० क्षेत्रमा खसेको चार लाख ३६ हजार पाँच सय ८६ मतमध्ये २२ हजार पाँच सय ६४ मत अर्थात् पाँच दशमलव ४५ प्रतिशत मत बदर भएको छ । यसमा प्रदेशको भन्दा प्रतिनिधिसभामा एक हजार तीन सय ९६ मत बढी बदर भएको हो।

उहाँले प्रतिनिधिसभाको क्षेत्र नं १ मा खसेको ६७ दशमलव ८१ मतमध्ये पाँच दशमलव ९१ प्रतिशत, क्षेत्र-२ मा खसेको छ दशमलव ६५ मतमध्ये छ दशमलव ९९ प्रतिशत, क्षेत्र नं ६७ दशमलव ५२ मतमध्ये चार दशमलव ६४ मत बदर भएको छ। यसैगरी क्षेत्र नं ४ मा खसेको ६४ दशमलव ५६ मतमध्ये छ दशमलव २१ प्रतिशत, क्षेत्र नं ५ मा ६४ दशमलव १६ प्रतिशत मत खसेकामा पाँच दशमलव ४५ प्रतिशत गरी प्रतिनिधिसभामा कूल मत बदर प्रतिशत पाँच दशमलव ८१ प्रतिशत रहेको प्रमुख निरौलाको भनाइ छ।

प्रदेशसभातर्फ क्षेत्र नं १ (१)मा खसेको ६७ दशमलव ८० मतमध्ये पाँच दशमलव ७२ प्रतिशत, (२) मा खसेको ६७ दशमलव ८२ मतमध्ये पाँच दशमलव २७ प्रतिशत मत बदर भएको छ। क्षेत्र नं २ को (१)मा ६५ दशमलव नौ प्रतिशत खसेको मतमा नौ दशमलव ४६ प्रतिशत, (२) मा खसेको ६५ दशमलव २३ मतमध्ये छ दशमलव ६९ मत बदर भएको छ। क्षेत्र नं ३ को (१) खसेको ६७ दशमलव ३६ प्रतिशत मतमध्ये चार दशमलव ३४ मत, (२)मा खसेको ६८ दशमलव ६४ मतमध्ये चार दशमलव ३९ प्रतिशत मत बदर भएको कार्यालयको जनाएको छ।

यसैगरी क्षेत्र नं ४ को (१) का ६२ दशमलव ५१ प्रतिशत मतमध्ये पाँच दशमलव आठ प्रतिशत (२) मा खसेको ६६ दशमलव सात प्रतिशतमध्ये पाँच दशमलव २७ प्रतिशत मत बदर भएको छ । क्षेत्र नं ५ को (१) मा खसेको ६४ दशमलव सात प्रतिशतमध्ये ४ दशमलव ८४ मत र (२) मा खसेको ६३ दशमलव ९७ प्रतिशत मतमध्ये चार दशमलव १२ मत बदर भएको कार्यालय प्रमुख निरौलाले जानकारी दिनुभयो ।रासस

# टिकट पाएकामध्ये वाग्मती प्रदेश सरकारका एक मन्त्री पराजित

काठमाण्डु । वाग्मती प्रदेश सरकारका मन्त्रीमध्येबाट प्रदेशसभा निर्वाचनमा टिकट पाएकामध्येमा एक मन्त्री पराजित हुनुभएको छ । प्रदेश सरकारकाश्रम,रोजगारतथायातायातमन्त्री घनश्याम दाहाल पराजित हुनुभएको हो । प्रदेश मन्त्रीमध्येबाट टिकट पाएर पराजित हुनेमा दाहाल एक्ला हुनुहुन्छ । चितवन निर्वाचन क्षेत्र नं २ (१) प्रदेशसभा निर्वाचनमा दाहाल पराजित हुनुभएको हो । सो क्षेत्रबाट नेकपा (एमाले) का कृष्णप्रसाद सिलवाल विजयी हुनुभएको छ । दाहाल सत्ता गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र) का उम्मेदवार हुनुहुन्थ्यो ।

मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे भने यसपटक प्रतिनिधिसभामा निर्वाचित हुनुभएको छ। पाण्डे धादिङ निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको हो । प्रदेश सरकारमा कांग्रेसबाट प्रतिनिधित्व गर्ने आठ मन्त्रीमध्ये काठमाडौँ निर्वाचन क्षेत्र नं १ (१) बाट संस्कृति तथा पर्यटनमन्त्री दीपेन्द्र श्रेष्ठले मात्र टिकट पाउनुभएको थियो। श्रेष्ठ सो क्षेत्रबाट निर्वाचित हुनुभएको छ। उहाँ २०७४ सालको निर्वाचनमा पनि सोही क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको थियो।

टिकट नपाउने कांग्रेसका प्रदेश मन्त्रीमा भौतिक पूर्वाधार विकासमन्त्री कृष्णलाल भँडेल, स्वास्थ्यमन्त्री निमा लामा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम पौडेल र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठ हुनुहुन्छ। प्रदेश सरकारमा कांग्रेसबाट तीन राज्यमन्त्रीले पनि टिकट पाएनन् । भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा, उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री रजनी अमात्य जोन्छे र स्वास्थ्य राज्यमन्त्री कल्पना नेपालीले पनि टिकट पाउनुभएन।

यसैगरी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जमकट्टेल धादिङ निर्वाचन क्षेत्र नं १ (२) बाट निर्वाचित हुनुभएको छ । यस्तै आन्तरिक मामिला तथा कानूनमन्त्री कृष्णप्रसाद शर्मा खनाल, खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री वसन्तप्रसाद मानन्धर पनि निर्वाचित हुनुभएको छ। दुवै जना सत्ता गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) को उम्मेदवार भई निर्वाचित हुनुभएको हो। यसैगरी युवा तथा खेलकुदमन्त्री रत्नप्रसाद ढकाल पनि माओवादी केन्द्रका तर्फबाट प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।रासस

# समानुपातिकतर्फ ९६ लाख मत गनियो

काठमाण्डु । प्रतिनिधिसभा र प्रदेशसभाको यही मङ्सिर ४ गते सम्पन्न निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना जारी छ । निर्वाचन आयोगका अनुसार हालसम्म कूल ९६ लाख दुई हजार पाँच सय ७६ मतगणना भएको छ।

मंगलवार बिहान १०.३० बजेसम्मको गणन अनुसार नेकपा(एमाले)ले २५ लाख ९३ हजार चार सय ६६ मत प्राप्त गरेको छ। यस्तै, नेपाली कांग्रेसले २४ लाख ५७ हजार तीन सय तीन मत प्राप्त गरेको छ।

नेकपा(माओवादी केन्द्र)ले ११ लाख चार हजार आठ सय ३३ मत प्राप्त गरेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ७४ हजार एक सय ९६ मत प्राप्त गरेको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ५२ हजार आठ सय ७४, जनता समाजवादी पार्टीले तीन लाख ५८ हजार नौ सय २२ मत प्राप्त गरेको छ।

आयोगका अनुसार जनमत पार्टीले तीन लाख एक हजार छ सय २० मत, नेकपा( एकीकृत समाजवादी)ले दुई लाख ६५ हजार पाँच सय ४७ मत प्राप्त गरेको छ।

नागरिक उन्मुक्ति पार्टीले दुई लाख ४५ हजार तीन सय पाँच, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख ३८ हजार चार सय आठ, नेपाल मजदूर किसान पार्टीले ७३ हजार एक सय ६९, हाम्रो नेपाली पार्टीले ५३ हजार तीन सय ५२ , मङ्गोल नेशनल अर्गनाइजेशनले ४६ हजार पाँच सय एक र राष्ट्रिय जनमोर्चाले ४५ हजार तीन सय पाँच मत प्राप्त गरेका छन् ।

प्रतिनिधिसभामा राष्ट्रिय दलको मान्यता प्राप्त गर्नका लागि प्रत्यक्षतर्फ कम्तीमा एक सिट जित्नुपर्छ भने समानुपातिकमा तीन प्रतिशत मत प्राप्त गर्नुपर्छ । कुल खसेको सदर मतको तीन प्रतिशत थ्रेस होल्ड कटाएपछि राष्ट्रिय दलको मान्यता तथा सेवा सुविधा प्राप्त हुन्छ ।रासस


## श्री त्रिभुवन आदर्श माध्यमिक विद्यालय
बिन्धी, धनुषा(नेपाल)

**सूचना ! सूचना !! सूचना !!!**

यस श्री त्रिभुवन आदर्श मा.वि.बिन्धी धनुषाको नाममा दर्ता कायम रहेको तपसिल अनुसारको विवरण भएको पोखरी/डवरा ५ वर्षको लागि निम्न शर्तका आधारमा गोप्य खामबन्दीबाट ठेक्का लगाउनु परेकोले सम्बन्धीत ईच्छुक व्यक्तिहरुलाई ठेक्काको लागि फारम भर्न अनुरोध गरिन्छ।

| क्र.सं. | ठेगाना | कि.नं. क्षे.फ. | न्यून्तम वार्षिक रकम | प्रयोजन | टेण्डर खरिद फारम दस्तुर | फारम वितरण मिति | फारम दर्ता अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | जि.ध.ज.उ.म. न.पा. २३ | ८२४/१-१२-१२ | ७०००१० | माछा पालन | ५०००।- | २०७९/०८/१८ गते देखि २५ गते सम्म | २०७९/०८/२७ विहान १० बजे देखि दिउँसो १:०० बजे सम्म | |
| २ | जि.ध.ज.उ.म. न.पा. २३ | ४७/०-१६-१५ | १०००१० | माछा पालन | ५०००।- | | टेण्डर खुल्ने समय २०७९/०८/२७ गते दिउँसो १:३० बजे | |

**आवश्यक कागजात**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, बैंकको भौचर ।

१. कबोल गरेको ५ वर्षको कुल रकमको ५% रकम विद्यालयको ने.बैंक लि. हि.नं. ००८००१००४६४१६४०००००१ मा जम्मा गरी सक्कल भौचर ।
२. भौचर ठेक्का भर्ने व्यक्तिको नामकै हुनु पर्छ ।
३. ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र प्रथम किस्ताको रकम विद्यालयको खातामा जम्मा गरी धनजामानतको आवश्यक कागजात सहित चलन पुर्जीको लागि निवेदन दिनु पर्नेछ। धनजमानी प्रक्रिया समाप्त भए पछि चलन पुर्जीको प्रक्रिया अगाडी बढाइनेछ। समयमा निवेदन नदिए ठेक्काको धरौटी रकम जफत गरी सो भन्दा घटी वालाको नाममा ठेक्का स्वीकृत हुनेछ।
४. कबोल गरेको रकमको कम्तीमा तीन वर्ष बमोजिम रकमको धनजमानी राख्नु पर्नेछ।
५. पहिले किस्ता समाप्त हुन १ महिना अगाडी अर्को किस्ताको रकमको बैंक भौचर सहित अर्को सालको चलन पुर्जीको लागि निवेदन दिनु पर्ने छ।
६. तीन भन्दा कम टेन्डर भरिएमा टेन्डर खोल्ने मिति सारिनेछ।
७. विद्यालयको रकम बाँकी र उक्त व्यक्तिसँग कारोवार गरेको व्यक्तिको नाममा ठेक्का स्वीकृत हुने छैन।
८. ठेक्का स्वीकृतिको अन्तिम निर्णय विद्यालयमा निहित हुनेछ।
९. थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ।
सम्पर्क नं. ९८४४०२१२०९, ९८४४०२१८४५

**प्रधानाध्यापक**



**आर्या फर्माल्याब प्रा.लि., एमटेक मेड प्रा.लि., नोभा जेनेटिका प्रा.लि., केमिड्रग इण्डस्ट्रिज प्रा.लि., नेशनल फार्मास्युटिकल प्रा.लि., टाइम फार्मास्युटिकल प्रा.लि. र प्राइम फार्मास्यूटिकल प्रा.लि.** बाट उत्पादित निम्न अनुसारका औषधीहरुको आ.व. २०७९/२०८० को लागि बजार दररेट तथा बिक्रि मूल्य निर्धारण गरि यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि उक्त औषधीहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयहरुले खरिद गर्नु परेमा यस उद्योगको आधिकारिक बिक्रेता **क्यापिटल मेडिसर्ज सप्लायर्स, जनकपुर, धनुषा, नेपाल**बाट खरिद गर्न सक्नुहुनेछ भनि यो सूचना प्रकाशित गरिएको छ।

सम्पर्क नं. ९८१२१७१९१७

**Effective From 2079/04/01 to 2080/03/31**

| S. N. | PRODUCT NAME | COMPOSITIONS | PACKAGE | RATE | MRP |
|---|---|---|---|---|---|
| | **LOMUS PHARMACEUTICALS PVT. LTD.** | | | | |
| 1 | Lomoprin Tab | Clotrimazole 400mg+80mg Tab | 1x10 | 34 | 40 |
| 2 | Lomoprin DS Tab | Clotrimazole 800mg+160mg Tab | 1x10 | 69 | 80 |
| 3 | Emide Tab | Metoclopramide Tab | 1x10 | 26 | 30 |
| 4 | Emide Susp | Metoclopramide Susp 5ml | 5ml | 52 | 60 |
| 5 | N S 500ml | Sodium Chloride, Water For Inj | 500ml | 39 | 45 |
| 6 | Tidz 500 | Tinidazole Tab 500mg | 1x10 | 43 | 50 |
| 7 | Zinep 20mg Tab | Zink 20mg | 1x10 | 34 | 40 |
| | **NOVA GENETICA PVT. LTD.** | | | | |
| 1 | Infact-V Tab | Clotrimazole 100mg Vegenail Tab | 1x10 | 112 | 130 |
| | **CHEMIDRUG INDUSTRIES PVT. LTD.** | | | | |
| 1 | Chemclos 250mg Tab | Cloxacilline 250mg | 1x10 | 78 | 90 |
| 2 | Chemclors Dry Syp | Cloxacilline 125mg/5ml | 60ml | 95 | 110 |
| | **AMTEC MED PVT. LTD.** | | | | |
| 1 | Amfol Plus Tab | Ferus Sulphate Tab | 1x10 | 78 | 90 |
| 2 | Amfol Plus Tab | Folic Acid Tab | 1x10 | 26 | 30 |
| | **TIME PHARMACEUTICALS PVT. LTD.** | | | | |
| 1 | T-Zoline P | Oxymetazoline 0.025% | 10ml | 47 | 55 |
| 2 | T-Zoline A | oxymetazoline 0.05% | 10ml | 60 | 70 |
| | **PRIME PHARMACEUTICALS PVT. LTD.** | | | | |
| 1 | Scanil Lotion | Permethrin lotion 1% | 100ml | 155 | 180 |
| 2 | Scanil Cream | Permethrin cream 5% w/v | 30gm | 111 | 129 |
| | **NATIONAL PHARMACEUTICALS PVT. LTD.** | | | | |
| 1 | Ninja Inj | Daiclofenic Sodium Inj | 1amp | 26 | 30 |




ऋण माफी, निवृत्तिभरण, बाली बीमा र न्यूनतम समर्थन मूल्य (एमएसपी) को कानूनी ग्यारेन्टीको माग गर्दै केन्द्र र राज्य सरकारको विरोधमा प्रदर्शनका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पञ्जाबका मुख्यमन्त्री भगवन्त मानको पुत्ला दहन गर्दा किसानहरूले नाराबाजी गर्दै । *तस्बिर : एएफपी*

# चिनियाँ राष्ट्रपति सीद्वारा चीन-रुस ऊर्जा प्रवर्धन गर्न तयार

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ राष्ट्रपति सी चिनफिङले मङ्गलबार चीन रुससँग ऊर्जा सहकार्यमा घनिष्ट साझेदारी गर्न तयार रहेको बताउँनु भएको छ ।



ऊर्जा सहयोग चीन र रुसबीचको व्यावहारिक सहयोगको महत्त्वपूर्ण आधारशिला हो र विश्व ऊर्जा सुरक्षा कायम राख्नको लागि सकारात्मक शक्ति भएको राष्ट्रपति सीले चौथो चीन-रुस ऊर्जा व्यापार मञ्चलाई पठाएको बधाइ पत्रमा उल्लैक गरिएको छ ।

उहाँले बाह्य जोखिम र चुनौतीहरूको सामना गर्दै दुई देशले सञ्चार र समन्वयलाई सुदृढ बनाएको र ठूला सहयोगी परियोजनाहरूलाई अगाडि बढाएको पनि उल्लैक गर्नु भएको छ ।

राष्ट्रपति सीले यस नयाँ युगमा चीन-रूस बीच ऊर्जा विकासमा सहयोग र समन्वयको व्यापक रणनीतिक साझेदारीको व्यापक सम्भावनाहरूमा पनि जोड दिनुभएको छ ।

राष्ट्रपति सीले स्वच्छ र हरित ऊर्जा विकासमा जोड दिन र अन्तरराष्ट्रिय ऊर्जा सुरक्षा र औद्योगिक र आपूर्ति शृ˜लाको स्थिरताको रक्षा गर्न र दीर्घकालीन, स्वस्थ र दिगो विकासमा नयाँ योगदान पुर्याकउन चिनियाँ पक्ष रुससँग हात मिलाउन तयार रहेको पनि बताउँनु भएको छ ।

यस्तै मङ्गलबार नै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि ऊर्जा व्यापार मञ्चलाई बधाइ पत्र पठाउवनु भएको छ।

# शान्तिपूर्ण विरोध गर्ने जनाधिकारको सम्मान गर्न आग्रह

**एएनआई**

न्युयोर्क । मानवअधिकार वाच (एचआरडब्ल्यू)ले शान्तिपूर्ण विरोध गर्ने जनताको अधिकारको सम्मान गर्न चीन सरकारसमक्ष अनुरोध गरेको छ ।

चिनियाँ सरकारको कठोर 'शून्य कोभिड' नीति तथा त्यसनिम्ति जारी प्रतिबन्धात्मक आदेशको शान्तिपूर्ण ढङ्गले गरिएको विरोधप्रदर्शनका क्रममा जनसाधारण पक्राउ परेकामा चिन्ता व्यक्त गर्दै एचआरडब्ल्यूले जनाधिकारको सम्मान गर्न आग्रह गरेको हो । शान्तिपूर्णरूपमा विरोधप्रदर्शन गर्न पाउने स्वतन्त्रता, मानवअधिकारकोरक्षातथाजनताको मौलिक अधिकारको सम्मान गर्न चीन सरकारलाई अनुरोध गर्दै उक्त संस्थाले हिरासतमा राखिएका सबै प्रदर्शनकारीलाई तत्काल रिहा गर्न र विरोधप्रदर्शनसँग सम्बन्धित सूचना एवम् समाचार सम्प्रेषण गर्ने अनलाइन पोर्टलको सेन्सर सिप बन्द गर्न आह्वान गरेको छ ।

अघिल्लो साताको मध्यतिर चीनको सबैभन्दा ठूलो सहर एवम् वित्तीय केन्द्र साङ्घाई, राजधानी बेइजिङलगायत ठूला चिनियाँ सहरमा कोभिड-१९ लाई फैलिन नदिन सरकारले जारी गरेका कठोर नियमविरुद्ध विभिन्न विश्वविद्यालयका विद्यार्थी र सर्वसाधारण सडकमा उत्रिएका थिए । यसैबीच, संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले पनि चिनियाँ जनताको शान्तिपूर्णरुपमा विरोधप्रर्दन गर्न पाउने अधिकार कुण्ठित हुन नदिन राष्ट्रपति सी चिनफिङ नेतृत्वको सरकारसँग अनुरोध गर्नुभएको छ ।

महाचिवका प्रवक्ता स्टेफेन डुजारिकले सोमबार यहाँ आयोजित नियमित पत्रकार सम्मेलनमा नागरिक अधिकार एवम् स्वतन्त्रताको प्रत्याभूतिका निम्ति महासचिवले जोड दिनुभएको बताए ।

# इजरायली नाकाबन्दीका कारण गाजामा खाद्य सङ्कट

सिन्ह्वा

गाजा । इजरायलले गरेको नाकाबन्दीका कारण गाजा क्षेत्रमा खाद्य सङ्कट परेको बताइएको छ । प्राप्त समाचारमा गाजा क्षेत्रका कम्तीमा पनि ५७ प्रतिशत जनस˜्यालाई खाद्य असुरक्षा हुन पुगेको बताइएको छ ।

सो क्षेत्रमा इजरायलले करिब १६ वर्ष अघिदेखि नाकाबन्दी गरेको बताइएको छ । यसका कारण गाजा क्षेत्रमा दिन प्रतिदिन खाद्यान्नको अभाव भएको र अहिले आएर यहाँका करिब ५७ प्रतिशत मानिसलाई खाद्यान्न अभाव हुन पुगेको पाइएको बताइएको छ । गाजाको अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी एक परिषदले जनाएअनुसार सो क्षेत्रमा लामो समयसम्म जारी रहेको नाकाबन्दीका कारण यहाँको जनस˜्या गरिबीतर्फ पनि धकेलिएको छ ।

सो परिषदको प्रतिवेदनमा यहाँका करिब ६४ प्रतिशत नागरिक यही नाकाबन्दीका कारण नै गरिबीको रेखामा पुगेका बताइएको छ । गाजा क्षेत्रमा करिब २० लाख प्यालेस्टिनीहरुको बसोबास रहेको छ । यहाँका नागरिकलाई इजरायलले सन् २००७ देखि नै नाकाबन्दी गर्दै आएको छ ।

# उरुङ्चीका कोभिड प्रभावितलाई सघाउन विशेष नीति


**सिन्ह्वा**

उरुङ्ची । उत्तरपश्चिम चीनको सिन्जियाङ उइगुर स्वायत्त क्षेत्रको राजधानी उरुङ्चीले कोभिड-१९ को महामारीबाट प्रभावित भएकाहरूलाई सघाउन विशेष नीति तर्जुमा गरेको छ । कोभिडका कारण राज्यमा परेको प्रभावबाट जनसाधरणमा परेको असर कम गर्न विशेष नीति तर्जुमा गरिएको हो ।

महामारीका कारण कठिनाइका साथ जीवन यापन गरिरहेका उरुङ्चीका बासिन्दाका निम्ति आधारभूत जीविकोपार्जन सुनिश्चित गर्न विशेष नीति बनाइएको उरुङ्ची सहर सरकारका उपमहासचिव ली यान्मेईले बताएका छन् । उरुङ्चीमा महामारीको स्थितिमा क्रमशः सुधार भइरहेको, कम जोखिम भएका क्षेत्रमा जनजीवन सामान्यतर्फ फर्किरहेको, सुपरमार्केट, फार्मेसी र रेष्टुरेन्टलगायत अत्यावश्यक व्यवसाय पनि क्रमशः सञ्चालन हुन थालेका भएपनि प्रभावितलाई सघाउन विशेष नीति ल्याइएको उनले बताए ।

उपमहासचिव लीका अनुसार अति कम वा आम्दानी नभएका नागरिकलाई भत्ता उपलब्ध गराउने, नगरको सार्वजनिक भाडा आवास योजनाअन्तर्गतका परिवारलाई पाँच महिनाको भाडा छुट दिने, रोजगारीमा कठिनाइ भएका तथा न्यून आय भएका समूहलाई सार्वजनिक सेवामा रोजगारी प्रदान गरिनेलगायत नीति अब कार्यान्वयन गरिने छ ।

# इथियोपियाको टिगरेमा पर्याप्त मात्रामा सहायता पुगेन



**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । विगत लामो समयदेखि हिंसात्मक विद्रोह जारी रहेको इथियोपियाको टिगरेमा आवश्यकताअनुसारको सहयता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीहरुले सो कुरा बताएका हुन् । यहाँ केही हप्ताअघि इथियोपियाली सरकार र यहाँका विद्रोहीका बीचमा शान्ति सम्झौता भएको थियो ।

सो सम्झौता बमोजिम टिगरेमा मानवीय सहायता वितरणको काम सुरु भएको छ । विद्रोहीहरुले यसअघि सो क्षेत्रमा संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरुले वितरण गर्दै आएको सहायता वितरणको काम पनि हुन दिएका थिएनन् ।

हाल त्यहाँ सहायता वितरण गर्न दिइए पनि अहिले यहाँ आवश्यक परेजति सहायता पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता वितरणसम्बन्धी एजेन्सी, ओचाले जनाएको हो ।इथियोपियाली सरकार र टिगरे पिपुल्स लिबरेसन फ्रन्टका बीचमा अघिल्लो महिना युद्धविराम भएर यहाँ गर्न पाउने शान्तिपूर्ण कार्यहरुको सम्झौता पनि भएको छ ।

त्यस अन्तर्गत यहाँका नागरिकलाई आवश्यक पर्ने सहायता वितरणको काम पनि परेकाले राष्ट्रसङ्घीय निकाय र ती निकायको समन्वयमा अन्य सहायता संस्थाहरुले वितरण गरिरहेका बताइएको छ ।

इथियोपियाली सरकार र सो फ्रन्टका बीचमा भएको युद्धविराम जारी छ र यसैमार्फत शान्ति स्थापनाका लागि वार्ताका माध्यमबाट पहल भइरहेको जनाइएको छ । टिगरेका कम्तीमा पनि ५० लाख मानिसलाई खाद्यान्नको आवश्यकता परेको बताइएको छ । यहाँका नागरिकलाई खाद्यान्न अभावसँगै बालबालिका कुपोषणको शिकार हुन पुगेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषले हालै प्रकाशन गरेको एक प्रतिवेदनमा टिगरेका करिब ३० प्रतिशत बालबालिका कुपोषणको शिकार भएका छन् ।

# यु-१९ राष्ट्रिय क्रिकेटमा प्रदेश-१ विजयी

काठमाण्डु । यु-१९ राष्ट्रिय क्रिकेट प्रतियोगितामा प्रदेश-१ विजयी भएको छ । मूलपानी क्रिकेट मैदानमा मंगलवार भएको खेलमा प्रदेश १ ले मधेश प्रदेशलाई १० विकेटले पराजित गरेको हो ।

मधेश प्रदेशले दिएको ७१ रनको लक्ष्य प्रदेश-१ ले १९ दशमलव २ ओभरमा कुनै विकेट नगुमाई पूरा गर्यो । प्रदेश-१ को जीतमा सोनु अन्सारीले अविजित ४५ रन बनाउँदा सुभम गहतराजले अविजित २४ रन बनाउनुभयो । टस जितेर पहिले ब्याटिङ गरेको मधेश प्रदेशले ३१ दशमलव ३ ओभरमा अलआउट हुँदै ७० रन बनाएको थियो । मधेश प्रदेशका लागि मयन यादवले १९ तथा डब्लु मल्लिकले १२ रन बनाउनुभयो । अन्य ब्याटरले भने दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

प्रदेश-१ का लागि विपिन महतो र कप्तान दिपेश कँडेलले समान तीन/तीन विकेट लिनुभयो भने सन्देश भट्टराईले २ विकेट लिनुभयो । त्यस्तै आशीष मगर र आश्विन महतोले समान १/१ विकेट लिनुभयो ।

जीतसँगै प्रदेश-१ ले फाइनल पुग्ने सम्भावना जीवित राखेको छ। प्रदेश-१ को चार खेलबाट चार अङ्क भएको छ। पराजित मधेश तीन खेलमा अङ्कविहीन छ।

प्रतियोगितामा प्रदेश-१, मधेश प्रदेश, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता छ । प्रतियोगिताको विजेताले रु दुई लाख तथा उपविजेताले एक लाख पाउने छन् ।रासस

## विश्वकप फुटबल

# समूह 'जी' मा ब्राजिल शीर्षस्थानमा



काठमाण्डु । पोर्चुगलले उरुग्वेलाई पराजित गर्दै फिफा विश्वकप फुटबलको अन्तिम १६ मा स्थान बनाएको छ। कतारको लुसाइल स्टेडियममा मंगलवार बिहान सम्पन्न खेलमा उरुग्वेलाई २-० गोलअन्तरले हराउँदै पोर्चुगल नकआउट चरणमा पुगेको हो । पोर्चुगलले समूह 'एच' बाट लगातार दुई खेल जित्दै नकआउट चरणमा स्थान बनाएको हो ।

पोर्चुगलको जितमा ब्रुनो फर्नान्डेसले नायक बने । खेलको ५४औं मिनेटमा ब्रुण्नोले गोल गर्दै पोर्चुगललाई सुरुआती अग्रता दिलाएका थिए । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा ब्रुनोले पेनाल्टीबाट व्यक्तिगत दोस्रो गोल गर्दै पोर्चुगललाई २-० को जित दिलाए ।

जोसे जिमिनेजले पेनाल्टी क्षेत्रमा ह्यान्डबल गरेपछि भीएआरमा पोर्चुगलले पेनाल्टीको अवसर पाएको थियो। पोर्चुगलले २ खेलमा छ अङ्क जोडेको छ। पराजित उरुग्वेको १ अङ्क छ।

त्यसैगरी कतारमा जारी फिफा विश्वकप फुटबल २०२२ अन्तर्गत समूह 'जी' मा ब्राजिल नकआउट चरणमा पुगेका छ । कतारको स्टेडियमा ९७४ मा गए राति भएको खेलमा स्वीट्जरल्याण्डलाई १-० गोलअन्तरले हराउँदै ब्राजिल नकआउट चरणमा पुगेको हो। ब्राजिलको जितमा कासिमिरोले निर्णायक गोल गरे।

उनले खेलको ८३औं मिनेटमा गरेको एक गोल नै निर्णायक गोल सावित भयो । यस जितसँगै ब्राजिलले लगातार दोस्रो जित निकाल्दै खेलमा छ अङ्क जोडेको छ। समूह 'जी' मा ब्राजिल शीर्षस्थानमा छ । स्वीट्जरल्याण्ड दुई खेलमा तीन अङ्क जोडेर दोस्रो स्थानमा रहेको छ ।रासस

# टेबलटेनिसको दक्षिण एसियाली छनोट नेपालमा




**टुडे समाचारदाता**

काठमाण्डु । विश्व टेबलटेनिस च्याम्पियनसिपका लागि दक्षिण एसियाली क्षेत्रीय टेबलटेनिस छनोट प्रतियोगिता नेपालमा हुने भएको छ।

प्रतियोगिता मंसिर २२ देखि २५ गतेसम्म लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा हुने आयोजक अखिल नेपाल टेबलटेनिस संघका अध्यक्ष चतुरानन्द राज वैद्यले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए।

प्रतियोगितामा नेपालसहित भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र माल्दिभ्स गरी ६ राष्ट्रको सहभागिता रहने छ। भुटान सहभागी नहुने भएको छ। प्रत्येक राष्ट्रबाट ५-५ पुरुष/महिला खेलाडी सहभागी हुने बताइएको छ।

पुरुष/महिला सिंगल्समा लिग कम नकआउट आधारमा हुनेछ। पुरुष/महिलामा १६-१६ खेलाडी छनोट हुने छन्।

नेपालबाट पुरुषमा रुविन महर्जन, प्रदीप रोक्का, संयोग कपाली, विनेश खानियाँ र शिवसुन्दर गोथेले प्रतिस्पर्धा गर्ने छन्। महिलामा नवीता श्रेष्ठ, एलिना महर्जन, रविना महर्जन, शिखा सुवाल र इभाना थापा मगरले खेल्ने छन्। खेलाडीलाई मुख्य प्रशिक्षक सन्जिव ढुंगेलको नेतृत्वमा सञ्जय अर्याल र सन्ध्या शाक्यले प्रशिक्षण गराइ रहेका छन्।

शंकर गौतमले प्रतियोगिता निर्देशक, तेजेन्द्रसिंह महराले कम्पिटिसन म्यानेजर र आयोजक संघका प्रथम उपाध्यक्ष धर्मंमान वज्राचार्यले व्यवस्थापन समितिको जिम्मेवारी पाएका छन्। प्रतियोगितालाई एनसेल एक्सजियटा लिमिटेड, नेपाली घर, ब्रोडलिंक, नेविकोलगायतका संस्था प्रायोजन गर्ने पत्रकार सम्मेलनमा जानकारी गराइयो।

# उद्धवलाई दोहोरो पदक

**टुडे समाचारदाता**


काठमाण्डु । नेपाली भेट्रान खेलाडी उद्धव थापा मगरले उमा (विश्व युनिफाइड मार्सल आर्ट्स) ब्रिटिस च्याम्पियनसिपमा दोहोरो पदक जितेका छन्।

युकेको ओर्चेस्टरमा नोभेम्बर २७ तारिखमा भएको प्रतियोगितामा उद्धवले चाइनिज प्याटर्न फर्ममा स्वर्ण तथा वेपन प्याटर्न फर्ममा रजत जितेको नेपाल उमा कुङफु संघका अध्यक्ष सिद्धार्थ लामाले जनाएका छन् । उद्धवले ४५ वर्षमाथि उमेरसमूहमा सफलता हात पारेका हुन् । नेपाल उमा कुङफु संघका संस्थापक अध्यक्ष उद्धव हाल उमा कुङफुका सहायक मुख्य प्रशिक्षक हुन्।



अन्तर्राष्ट्रिय निर्णायक समेत रहेका उद्धव फाइट ब्याक सेल्फ डिफेन्स नेपालका प्रमुख प्रशिक्षक हुन्।

# मौद्रिक नीतिको समीक्षाबाट सन्तुष्ट छैन निजी क्षेत्र




काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति समीक्षा गर्दै केही नयाँ व्यवस्था लागू गरेपनि निजी क्षेत्रले भने अर्थतन्त्रका विद्यमान समस्या समाधानका लागि त्यो पर्याप्त नभएको जनाएको छ।

गत आइतबार मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा गर्दै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको औसत ब्याजदर अन्तरको सीमा घटाएको छ।

त्यस्तै, बैंक तथा वित्तीय संस्थाका लागि क्षेत्रगत कर्जासम्बन्धी व्यवस्थामा केही चलक हुने, कर्जा-निक्षेप अनुपात नपुगेमा उनीहरूलाई लाग्ने जरिवाना तरलता जोखिममा समेत आधारित हुनेगरी पुनरावलोकन गर्ने र चालू पुँजी कर्जा कार्यविधि संशोधनका लागि पहल गर्ने राष्ट्र बैंकले जनाएको छ। यद्यपि, यी व्यवस्थाले मात्रै अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न नसक्ने धारणा निजी क्षेत्रको छ।

“हाम्रो अर्थतन्त्र सहज अवस्थामा छैन, सङ्कटतर्फ जाँदैछ । अहिलेको मौद्रिक नीतिको व्यवस्थाले त्यो सङ्कट टार्ला भन्ने विश्वास निजी क्षेत्रलाई छैन । त्यसकारण यसमा पुनःविचार गरिनुपर्छ”, नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले भन्नुभयो, “तरलता व्यवस्थापन र ब्याजदर घटाउनका लागि राष्ट्र बैंकले अहिले जुन नीति लिएको छ त्यो पर्याप्त छैन।”

चालू पुँजी कर्जासम्बन्धी व्यवस्था दुई वर्षका लागि स्थगन गर्नुपर्ने धारणा निजी क्षेत्रको रहेको पनि गोल्छाले बताउनुभयो । मौद्रिक नीतिको समीक्षामाथि आफ्नो धारणा दिन महासङ्घले मंगलवार पत्रकार सम्मेलनसमेत गर्दैछ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि मौद्रिक नीतिको समीक्षाले निजी क्षेत्रका समस्या सम्बोधन गर्न नसकेको बताउनुभयो । “अहिलेको मख्य विषय भनेको तरलताको स्थिति सहज बनाउने र बैंक वित्तीय संस्थामा लगानीयोग्य रकम उपलब्ध हुनुपर्ने हो । तर मौद्रिक नीतिको समीक्षाले त्यो समस्याको समाधान दिएको छैन”, अग्रवालले भन्नुभयो।

चालू पुँजी कर्जा कार्यविधि तत्काल कार्यान्वयन गर्न नहुने र शेयर तथा घरजग्गा कारोबारलाई चलायमान बनाउनका लागि केही लचक नीति नियामकले लिनुपर्ने उहाँको भनाइ छ।

“चालू पुँजी कर्जा कार्यविधि संशोधन गर्ने भनेर राष्ट्र बैंकले भनेको छ । तर हाम्रो भनाइ यो व्यवस्था लागू गर्ने स्थिति नै छैन भन्ने हो। कम्तीमा पुराना ग्राहकका लागि दुई वर्षपछि लागू गर्दा उचित हुन्थ्यो”, अग्रवालले भन्नुभयो, “उद्योगी व्यवसायी कर्जाको साँवा ब्याजको किस्ता तिर्नसक्ने अवस्थामै छैनन्। यस्तो अवस्थामा चालू पुँजी कर्जा कार्यविधिले उनीहरूको मनोबल झन् घटाउँछ र थप समस्यातर्फ लैजान्छ।”

शेयर र घरजग्गामा ठूलो लगानी भएको तर ती क्षेत्रको कारोबार चलायमान हुन नसक्दा पनि तरलताको समस्या देखिएको उहाँको भनाइछ।यी क्षेत्रको कारोबार चलायमान बनाउन केही खुकुलो नीति अपनाउनु आवश्यक रहेको पनि अग्रवालले बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्सले पनि मौद्रिक नीतिको त्रैमासिक समीक्षामार्फत् गरिएका व्यवस्थाले वित्तीय स्थायित्व कायम गर्न नसक्ने जनाएको छ। रासस

# नौ वाणिज्य बैंक कारबाहीमा

काठमाण्डु। नेपाल राष्ट्र बैंकले नौ वाणिज्य बैंकलाई कारबाही गरेको छ। चालू आर्थिक वर्ष २०७९/८० को पहिलो तीनमहिनामा विभिन्न आरोपमा ‘क’ वर्गका इजाजत प्राप्त वाणिज्य बैंक, बैंकका सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई उक्त बैंकको सुपरिवेक्षण विभागले कारबाही गरेको हो।

यसरी कारबाहीमा पर्नेमा बैंक अफ काठमाडौं, कृषि विकास बैंक, प्रभु बैंक, कुमारी बैंक, प्राइम बैंक, हिमालयन बैंक, सनराइज बैंक, ग्लोबल आइएमई बैंक र मेगा बैंक लिमिटेड रहेका छन् । राष्ट्र बैंकले निर्धारण गरेको नियमअनुसार विपन्न वर्ग क्षेत्रमा कर्जा लगानी नगरेको आरोपमा बैंक अफ काठमाडौं लिमिटेडलाई रु दुई करोड ११ लाख ८५ हजार जरिवाना तिराइएको छ । त्यसैगरी सम्पति शुद्धीकरणसम्बन्धी ऐन र निर्देशन उल्लघङ्न गरेको अरोपमा कृषि विकास बैंकलाई रु बीस लाख जरिवाना गराइएको छ।रासस

# भूमिसुधार तथा मालपोत कार्यालय धनुषाबाट प्रकाशित

## हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा, कमला नगरपालिका वडा नं. ४ मा बस्ने खैकु कवारीको बुहारी दशैया कवारीको श्रीमती सकिना कवारीको मिति २०७८/०५/०६ गते आफ्नो काल गतिले मृत्यु भैसकेको हुदाँ मृत्कको सबभन्दा नजिको हकखाने एक मात्र पती दशैया कवारीको पनी आफ्नो कालगतिले मिति २०६७/०७/०५ मै मृत्यु भैसकेको हुदा निज मृतकहरुको शेप पछीको सबभन्दा नजिकको हकदार अंशियार निज मृत्कको जेठी छोरी हँस्पुर न.पा. ६ मा सुवेदा खातुन-१, कमला न.पा. वडा नं. ४ मा बस्ने माइली छोरी जुमेदा कवारी-१ साहिली छोरी जिल्ला सिरहा धनगढी न.पा. वडा २ मा बस्ने फुदेदा कवारी-१, जिल्ला सिरहा कल्यानपुर न.पा. १२ मा बस्ने सकिला कवारी कान्छी छोरी ज.उ.म.न.पा. वडा नं. २३ मा बस्ने समिना खातुन-१ गरी जम्मा ५ पाँच जना अंशियारहरु मात्र रहेको वाहेक अरु कोही हकदार नरहेको साथै अविवाहीत छोरी समेत नरहेको हुँदा निज मृतक सकिना कवारीको कुनै छोराहरु जाय जन्म नभएकोले निज मृतक सकिना कवारी को तपसिलमा रहेको जग्गा हामी चार जना दिदी वहिनीको मंजुरीमा माहिली छोरी जुमेदा खातुन को नाउँमा एकलौटी नामसारी गरी पाउँभनी माग निवेदन भएको र सोही अनुसारको कमला नगरपालिका ४ नं. वडा कार्यालय बल्हा सघारा, धनुषा को च.नं. २७४ मिति २०७९/०६/०६ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा जग्गा सकिना कवारीको मृत्यु पश्चात हकखाने यी निवेदिका वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदक को नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछी कानून बमोजिम मु.दे.स. २०७४ को परिछेद ११ को दफा २३९(१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

**जग्गा धनी:-** सकिना कवारी

| जिल्ला | गा.वि.स. | वार्ड | कि.नं. | क्षे.फ. |
|---|---|---|---|---|
| धनुषा | बल्हा सघारा | ८क | ८३८ | ०-१-१८-४ |
| धनुषा | बल्हा सघारा | ८क | ८४० | ०-१-१२-४ |
| धनुषा | बल्हा सघारा | ८क | ८४७ | ०-१-१०-४ |

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैलाको २१ दिने सुचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

**सम्बन्धित कार्यालय : कृषि बिकास बैंक लि. शाखा सबैला (धनुषा)**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुरा | मिसिल न. | कर्जाको उद्देश्य | सांवा रकम बाँकी | २०७९।०८।१० सम्मको ब्याज | जम्मा तिर्नु पर्ने रकम | ग्रहक नं. | मोवाईल नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ललिता देवी यादव | बालाबाखर ०५ | कृष्ण कुमार यादव | उतिम यादव | २४२१९ | सरल कृषि कर्जा | ८००००० | १८२०० | ८१८२०० | १९३९५६० | ९८०७६८८६३७ |
| २ | भरत यादव | बालाबाखर ०६ | राम गुलाम यादव | राम पृत यादव | २३८७९ | सरल कृषि कर्जा | ८००००० | २५५०० | ८२५५०० | ९८७१४७ | ९८४४२४१७३७ |
| ३ | महेन्द्र यादव | बालाबाखर ०७ | राम सुन्दर यादव | महाबिर यादव | १२३१ | घरायसी | ८५०००० | ६६५०० | ९१६५०० | ९८७३२६ | ९८४४११०७४७ |
| ४ | बन्सु यादव | बरमझिया ०३ | मोहित यादव | रघुनी यादव | २३८७१ | घरायसी | ५००००० | २७००० | ५२७००० | ९८७११६ | ९८०८७७७१७५ |
| ५ | बिनित किराना स्टोर प्रो.जगदिश महासेठ | बरमझिया ०८ | बैजनाथ महासेठ | उचित महासेठ | २३२६९ | ब्यापार कर्जा | १९८०००० | ५३५०० | २०३३५०० | ९८७३०१ | ९८०७७५१४१३ |
| ६ | पुकारी देवी | भुतही पटेर्वा ०३ | राम चन्द्र यादव | देव नारायण यादव | २४०३१ | सरल कृषि कर्जा | ४००००० | २०००० | ४२०००० | १७१८८४७ | ९८०७६२२७७६ |
| ७ | राम कृपाल राय अमात | भुतही पटेर्वा ०९ | राम किसुन राय अमात | राम जिवन राय अमात | २४२४० | सरल कृषि कर्जा | ३००००० | १४५०० | ३१४५०० | १९५८४६३ | ९८२६८९१५२४ |
| ८ | सरयुग महारा | भुतही पटेर्वा ०९ | दुखि महरा | राम झरी महरा | २४१९९ | सरल कृषि कर्जा | ९००००० | ६५००० | ९६५००० | १८६५२४२ | ९८२८९३१३३९ |
| ९ | जगदेव महरा चमार | भुतही पटेर्वा ०९ | पुलकित महरा | लक्ष्मी महरा | २४२२४ | सरल कृषि कर्जा | ९००००० | ४०००० | ९४०००० | ९८४१३६७ | ९८२६८४९९७० |
| १० | सोमिन्द्र यादव | भुतही पटेर्वा ०१ | सोतिलाल यादव | मकुन यादव | २३९९१ | सरल कृषि कर्जा | ७००००० | २१००० | ७२१००० | १५८९०५८ | ९८०७६६९५१८ |
| ११ | रोहित मंडल धानुक | भुतही पटेर्वा ०३ | किशोरी मंडल | मुखी मंडल | २३२०१ | घरायसी | ३००००० | १६५०० | ३१६५०० | ९८७८८० | ९८०४८४२२९७ |
| १२ | जितन राय अमात | भुतही पटेर्वा ०९ | महादेव राय अमात | बासुदेव राय अमात | २४२३९ | सरल कृषि कर्जा | ७००००० | २१५०० | ७२१५०० | १९७०९५० | ९८०१६५६०५१ |
| १३ | एडभान्स इन्जिनियरिङ वर्कशोप प्रो.देव शरण यादव | चोराकोयलपूर ०१ | जागेश्वर यादब | रामफल यादब | २४१३० | ब्यापार कर्जा | १७००००० | ४६५०० | १७४६५०० | १८१५१६५ | ९८१५८०३५९२ |
| १४ | सिरि प्रसाद चोरबार | चोराकोयलपूर ०३ | रमेश्वर चोरबार | नेबी चोरबार | २४१४८ | सरल कृषि कर्जा | ९५०००० | २०००० | ९७०००० | १८३८८९१ | ९८६३२३०८४७ |
| १५ | ज्ञानी बिनिन | धनुषा गोबिन्दपुर ०३ | रामबाबु मुखिया | प्रमेश्वर मुखिया | २३१३४ | सरल कृषि कर्जा | ३००००० | ११५०० | ३११५०० | ९८७२०२ | ९८५४०२३४०८ |
| १६ | शनेचरी देवी मुखिया | धनुषा गोबिन्दपुर ०७ | लक्ष्मन मुखिया | गोबिन मुखिया | २४२१४ | सरल कृषि कर्जा | ८००००० | ४३००० | ८४३००० | १९४४२५१ | ९८६५३५२५०१ |
| १७ | धनराज जेनरल स्टोर प्रो.राम भगत राय अमात | भुतही पटेर्वा ०९ | महादेव राय अमात | बासुदेव राय अमात | २४१४३ | ब्यापार कर्जा | १७५०००० | १०६००० | १८५६००० | १८३१५२१ | ९८२८०१४७१० |
| १८ | सुनिता देवी राय अमात | धनुषा गोबिन्दपुर ०७ | राम बृक्ष राय अमात | चन्देश्वर राय | २४०५५ | सरल कृषि कर्जा | ७००००० | ३०५०० | ७३०५०० | १७६२१८२ | ९८२७६३६४९३ |
| १९ | जिवछी देवी केउटिन | हठिपुर हर्वाडा ०१ | दशै मंडल | जुगल मंडल | २३५८९ | सरल कृषि कर्जा | ९९५००० | ६३५०० | १०५८५०० | ९८७४८१ | ९८१४८२६२९८ |
| २० | किशोरी कुखरा फर्म प्रो. किशोरी मंडल | झटियाही ०२ | खटर मंडल | ठकु मंडल | २३८२६ | सरल कृषि कर्जा | ८५०००० | २६००० | ८७६००० | ९८७१२५ | ९८०७६६५३४६ |
| २१ | सिता यादवनी | कजरा रमौल ०७ | श्री कृष्ण यादव | सुमोला देवी | २३३५२ | सरल कृषि कर्जा | ८००००० | २१५०० | ८२१५०० | ९८७४५५ | ९८०४८९१७७७ |
| २२ | ईनरजित महरा | कजरा रमौल ०४ | बिश्वनाथ चमार | सैनिया चमार | २४२६२ | सरल कृषि कर्जा | ८००००० | ३६००० | ८३६००० | १९७७२०३ | ९८२७६३५९०४ |
| २३ | चिरंजीवि यादव | कजरारमौल ०१ | कारी यादव | रघुनन्दन यादव | २४१५३ | स.कृ.कर्जा | १०००००० | २६००० | १०२६००० | १८३८७१७ | ९८१२०१८६२८ |
| २४ | प्रदिप कुमार यादव | कजरारमौल ०१ | सत्य नारायण यादव | मातबर यादव | २४१०२ | स.कृ.कर्जा | ८००००० | ३२५०० | ८३२५०० | १७८९५९४ | ९८१६८७०१८० |
| २५ | प्रभुनाथ यादव | कजरारमौल ०७ | अयोधी यादव | जिवछ यादव | २३०३८ | स.कृ.कर्जा | ६००००० | २७५०० | ६२७५०० | १७१९०९९ | ९८१६८३५१५० |
| २६ | राम बाबु यादव | कजरारमौल ०६ | लक्ष्मेश्वर यादव | जदु यादव | २३९८३ | स.कृ.कर्जा | ६५०००० | २९५०० | ६७९५०० | १५६६२१२ | ९८०४८१८११९ |
| २७ | मिथिलेश कुमार साह | कजरारमौल ०७ | बेचन साह सुडी | सिताराम साह सुडी | २३९३० | स.कृ.कर्जा | ६००००० | ३०८०० | ६३०८०० | ९८७४०१ | ९८१७८८९४८५ |
| २८ | रिवन देवी यादव | खरिहानी ०७ | हित नारायण यादव | सिताराम यादव | २४२२६ | स.कृ.कर्जा | ८००००० | २२५०० | ८२२५०० | १९४४३७८ | ९८४४३१४५०१ |
| २९ | उपेन्द्र मुखिया | खरिहानी ०८ | ठकाई मुखिया | नेवालाल मुखिया | २४२२७ | स.कृ.कर्जा | ९५०००० | ४३००० | ९९३००० | १९४१६२३ | ९८१७८३८१२१ |
| ३० | गोकुल डेरी उधोग प्रो. जनक दुलारी यादव | मखनाहा ०८ | गोबिन्द यादव | श्याम सुन्दर यादव | २३८९९ | ब्यापार | २०००००० | ५१५०० | २०५१५०० | ९८७२१७ | ९८०१६०६५८७ |
| ३१ | अजय शंकर प्रसाद साह | मखनाहा ०९ | जुगल किशोर साह | ईन्द्र किशोरा साह | २३९८७ | घरायसी | ५००००० | २१५०० | ५२१५०० | १५६७४९३ | ९८४५८३२६०७ |
| ३२ | धर्मनाथ साह तेली | मखनाहा ०४ | पारस साह तेली | लाली साह | २३८६३ | स.कृ.कर्जा | ६००००० | २७००० | ६२७००० | ९८७२७४ | ९८१४८७८९७३ |
| ३३ | कारी यादव | मखनाहा ०४ | जिवछ यादव | मनोज यादव | ४८३० | स.कृ.कर्जा | ९००००० | २२५०० | ९२२५०० | ९८७४४५ | |
| ३४ | राम राजी देवी यादव | मखनाहा ०८ | उतिम लाल यादव | महेश यादव | ४६९२ | घरायसी | ६००००० | ६८५०० | ६६८५०० | ९८७२२२ | ९८४३८२६५९५ |
| ३५ | आईसा खातुन | मिथलेश्वर मौवाही ०९ | सहबुद राईन | गुलाव राईन | २४१२० | स.कृ.कर्जा | ९००००० | ४०००० | ९४०००० | १८१२०२३ | ९८१९६९८५७९ |
| ३६ | राम जसी देवी | मिथलेश्वर निकास ०२ | राम किशार मंडल | राम टहल मंडल | २४०७५ | स.कृ.कर्जा | ८००००० | ४४००० | ८४४००० | १८१६७७९ | ९८१६८७४४२० |
| ३७ | नथुनी यादव | मिथलेश्वर निकास ०३ | मखन यादव | जुवा यादव | २४२०३ | स.कृ.कर्जा | ९००००० | २१५०० | ९२१५०० | १८६५५३४ | ९८१९६९०८३७ |
| ३८ | राम राजी देवी | मि.निकास ०३ | श्याम यादव | श्री नारायण यादव | २४२३८ | स.कृ.कर्जा | ८००००० | ३४५०० | ८३४५०० | १९५८७०६ | ९८१२१९४५११ |
| ३९ | सोभित यादव | मिथलेश्वर निकास ०५ | अयोधी यादव | अयोधी यादव | २४०४२ | स.कृ.कर्जा | ८००००० | ३५५०० | ८३५५०० | १७४७५२३ | ९८१९८२३०२३ |
| ४० | जगदिस यादव | मिथलेश्वर निकास ०३ | सुकदेव यादव | पलट यादव | २४०९१ | स.कृ.कर्जा | ६००००० | १७५०० | ६१७५०० | १७७४६८३ | ९८१३५२६२२० |
| ४१ | गंगा प्रसाद मण्डल | नौवाखोर प्रसाही ०७ | बृजलाल मण्डल | तिलक मण्डल | २४०४८ | घरायसी | ४००००० | २०५०० | ४२०५०० | १७४६१२८ | ९८१५८२८४८८ |
| ४२ | रागनी देवी | पचहर्वा ०१ | रामदेव पासमान | रामबाबु पासमान | २३५०६ | स.कृ.कर्जा | ६००००० | ४७००० | ६४७००० | ९८७९०० | ९८१९८६६७८८ |
| ४३ | मनोहर कुवर | पटेर्वा ०५ | राम किसुन कुवर | सुखि कुवर | २३६१४ | स.कृ.कर्जा | ७००००० | ३१५०० | ७३१५०० | ९८७३०४ | ९८१९८२०८२६ |
| ४४ | चैन देवी राउत | रघुनाथपुर ०४ | रिझन राउत गडेरी | राम लखन राउत गडेरी | २३७७६ | घरायसी | ९००००० | २८००० | ९२८००० | ९८७५३९ | ९८१७६०५३५४ |
| ४५ | रामपरी देवी | रघुनाथपुर ०३ | जुगेश्वर ठाकुर | नथुनी ठाकुर | २४२२९ | स.कृ.कर्जा | ९५०००० | ३७००० | ९८७००० | १९४०५४० | ९८१९६०६०६९ |
| ४६ | सुखी यादव | सबैला ०२ | सुरजा यादव | मौजे राउत | ५५४१ | स.कृ.कर्जा | ५००००० | २१५०० | ५२१५०० | ९८७३७४ | |
| ४७ | ईन्दु देवी | सबैला ०४ | रामपुकार यादव | लक्ष्मी यादव | २४०७७ | स.कृ.कर्जा | ८००००० | २७००० | ८२७००० | १७६४१०९ | ९८२४८६४१६६ |
| ४८ | समतोलिया देवी गडेरी | सबैला ०१ | महेश गडेरी | रबैका गडेरी | २३७९७ | घरायसी | ८००००० | २९५०० | ८२९५०० | ९८७४१२ | ९८१५८०१६७९ |
| ४९ | प्रमिला देवी | सबैला ०५ | कारी यादव | पलट यादव | २३२९८ | स.कृ.कर्जा | ६००००० | २७५०० | ६२७५०० | ९८७५३६ | ९८१९६४३०६८ |
| ५० | श्रमजिवी बचत तथा ऋण स.स.लि.प्रो. राम बाबु यादव | सबैला ०९ | उतिम लाल यादव | महेश यादव | २३७२९ | ब्यापार | २९५०००० | ७०५०० | ३०२०५०० | ९८७३१९ | ९८४४०२५६४९ |
| ५१ | कोशिलाा देवी साह तेली | सबैला ०१ | भिखारी साह | बिल्टु साह | २३९८९ | स.कृ.कर्जा | ८००००० | ३६००० | ८३६००० | १५६६४६९ | ९८०७८०५१३९ |
| ५२ | ललिता देवी पंजियार | सबैला ०७ | देव नारायण पंजियार | गोकुल पंजियार | २३८१२ | ब्यापार | २००००० | ४७००० | २४७००० | ९८७९४३ | ९८०७८२६६३६ |
| ५३ | अम्बिका कुमारी यादव | सबैला १२ रघुनाथपुर | शिव सागर यादव | श्याम प्रसाद यादव | २३३७३ | स.कृ.कर्जा | ९००००० | ३०५०० | ९३०५०० | ९८७३१२ | ९८०८७६९७८४ |
| ५४ | ममता कुमारी देवी | सबैला ०२ | सुर्यदेव मंडल | ढोढवा मंडल | २४२४० | स.कृ.कर्जा | ८००००० | ३०५०० | ८३०५०० | १९५८८४२ | ९८१७६१४९४३ |
| ५५ | शुशिला देवी यादव | सबैला ०२ | बिशेश्वर यादव | राम देव यादव | २४२२३ | स.कृ.कर्जा | ९५०००० | २०००० | ९७०००० | १९४०६९१ | ९८२३५२२७७९ |
| ५६ | जित नारायण राउत अमात | सबैला ०८ | बद्री राउत अमात | महन्थ राउत अमात | २३९६६ | स.कृ.कर्जा | ६००००० | ३०००० | ६३०००० | १५४०८३५ | ९८४८०४७३६० |
| ५७ | अनिता देवी यादव | श.न.पा. ०१ | देव शरण यादव | सुवा यादव | २४१५१ | स.कृ.कर्जा | ९५०००० | ४०५०० | ९९०५०० | १९३९०४१ | ९८१०१५६१६४ |
| ५८ | सतेन्द्र कुमार चोरवार | श.न.पा. ०२ | सुर्यलाल चारवार | केशवर चोरवार | २३९५२ | घरायसी | ५००००० | १७५०० | ५१७५०० | ९८७५५७ | ९८१४८९९४२० |
| ५९ | जिवछ मंडल | श.न.पा. ०६ | राम दयाल मंडल | बैजनाथ मंडल | २३६५९ | स.कृ.कर्जा | ५००००० | ३४५०० | ५३४५०० | ९८७४०७ | ९८१२०९९१५१ |
| ६० | उपेन्द्र कुमार राय अमात | सतोषर ०५ | परिक्षण राउत अमात | मोल्हा राउत | २४२१० | स.कृ.कर्जा | ७५०००० | ४४५०० | ७९४५०० | १९२८८७६ | ९८१४८१४६५४ |
| ६१ | प्रदिप कुमार मुखिया | सतोषर ०५ | करिया मुखिया | लक्ष्मन मुखिया | २४२६५ | स.कृ.कर्जा | ८००००० | २९५०० | ८२९५०० | १९७६१७७ | ९८२७८९७१९९ |
| | | | | | | कुल जम्मा | ५०५२५००० | २०९०००० | ५२६१५००० | | |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेस प्रदेश कार्यालय जनकपुर

# चार महिला निर्वाचित ३१ जना समानुपातिकबाट छानिने

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेशसभा सदस्य पदका लागि चार महिला निर्वाचित भएकी छन् । मधेश प्रदेशको ६४ वटा प्रदेशसभा क्षेत्रमा ६९ जना महिलाले उम्मेदवारी दिएकी थिइन् ।जसमध्ये मात्र तीन जना दलबाट र एक जना स्वतन्त्र महिला नेतृ निर्वाचित भएकी छन् ।

नेकपा एमालेकी शारदा थापा महोत्तरी निर्वाचन क्षेत्र १ को 'क' बाट, महोत्तरी २ को 'ख'मा स्वतन्त्र सुरिता साह, महोत्तरी ३ 'ख' बाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) की रानी शर्मा तिवारी र सर्लाही १ को 'ख'बाट नेकपा एकीकृत समाजवादी पार्टीकी बेची लुंगेली निर्वाचित भएकी छन् ।

यी चारै महिला नेतृ दर्जनौं पुरुष उम्मेदवारलाई पराजित गरी विजयी भएकी छन् । यी चारै महिला यसअघि पनि प्रदेशसभा सांसद भएकी थिइन् । मधेश प्रदेशमा ९ सय ९८ जना उम्मेदवार थिए ।

जसमध्ये ९ सय २९ जना पुरुष र ६९ जना महिलाले उम्मेदवारी दिएकी थिइन् । अधिकांश महिला उम्मेदवार साना दल र स्वतन्त्र उम्मेदवारी दिएकी थिइन । २१ जना स्वतन्त्र महिला उम्मेदवार थिइन् ।

अव प्रदेशसभामा ३३ प्रतिशत महिला सांसद पुऱ्याउन ३१ महिला समानुपातिकबाट चुनिने भएका छन् । दलहरुले प्राप्त गरेको समानुपातिक मतको आधारमा महिला सांसद छानेर महिला आरक्षित सिट पुऱ्याइन्छ ।

निर्वाचनमा सहभागी भएका दलहरुले कुल सदर मतको डेढ प्रतिशत ल्याएपछि समानुपातिक मतको आधारमा सिट पाउने छन् । मधेश प्रदेशमा ३४ लाख ८४ हजार ६ सय २८ मतदाता छन् । जसमध्ये यसपालि मधेशमा करिव २० लाख मतदान भएको छ ।

### कुन दलको कति सिट ?

प्रदेशसभामा समानुपातिक सांसद बन्नका लागि करिव ३६ हजार मतमा एक सांसद बन्ने प्रावधान रहेको छ । मधेशमा १९ लाख एक हजार चार सय ६ समानुपातिकतर्फ मतदान भएको छ । निर्वाचन आयोगको तथ्यांक अनुसार नेपाली कांग्रेसले सबैभन्दा बढी समानुपातिक मत पाएका छन् । तीन लाख ७० हजार चार सय ८७ मत ल्याएको कांग्रेसले दशदेखि ११ सिट समानुपातिकतर्फ पाउने देखिन्छ । कांग्रेस प्रत्यक्षमा १२ सिट जितेका छन् । यस हिसावले संसदमा कांग्रेसको २३ जना सांसद हुने छन् ।

नेकपा एमालेले मधेशमा प्रत्यक्षतर्फ १५ स्थानमा निर्वाचित छन् । समानुपातिकतर्फ पछिल्लो परिणाम अनुसार कुल ९ सिट पाउने छन् । जनमत पार्टीले ६ प्रत्यक्षमा जितेका छन् र ६ सिट समानुपातिकतर्फ पनि पाउने छन् । जनता समाजवादी पार्टी (जसपा) ९ सिट प्रत्यक्षमा जितेका छन् भने ६ सिट समानुपातिकतर्फ पनि पाउने देखिन्छ । चार सिट प्रत्यक्षतर्फ जितेका नेकपा माओवादी केन्द्र समानुपातिकमा पनि चार सिट पाउने देखिन्छ ।

यस्तै, तीन सिट जितेको नेकपा एकीकृत समाजवादी र सात सिट जितेको लोसपाले समानुपातिकतर्फ २/२ सिट पाउने छन् । राप्रपा, नेपाल संघीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले एक/एक सिट पाउने छन् । यी तीन पार्टीले प्रत्यक्षमा जित्न सकेका छैनन् ।

### पाँच नयाँ दल संसदमा पुग्दै

प्रदेशसभामा यसपालि दश वटा दलको प्रतिनिधित्व हुने देखिएको छ । ०७४ को निर्वाचनमा ६ दलको मात्रै प्रतिनिधित्व थियो । यसपालिका पाँच नयाँ दलको संसदमा प्रवेश हुने भएका छन् ।

नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टी पहिलो पटक संसद प्रवेश गर्ने भएका छन् ।

यद्यपि यसमध्ये तीन दलले प्रत्यक्षमा एक सिट पनि जित्न सकेका छैनन् । नागरिक उन्मुक्ति, राप्रपा र नेपाल संघीय समाजवादी पार्टीले समानुपातिक मतको आधारमा मात्र संसदमा प्रवेश गर्नेछन् ।

# 'मलको अभाव हुन नदिने'

**टुडे समाचारदाता**

वीरगञ्ज । शपथग्रहण नगर्दै पर्सा क्षेत्र नम्बर १ का निर्वाचित प्रतिनिधिसभा सदस्य (सांसद्) प्रदीप यादवले कृषकको समस्यालाई प्राथमिकताका साथ लिएका छन् ।

कृषकका समस्यालाई गम्भीर रुपमा लिँदै यादवले कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका प्रमुखसंग भेटेर छलफल गरेका छन् ।

छलफलका क्रममा पूर्वमन्त्रीसमेत रहेका यादवले वर्षौंदेखि किसानले खेप्दै आएको मल अभावको समस्या सम्बोधन गर्न आफूले कुनै कसर बाँकी नराख्ने बताएका छन् ।

समयमा मल नपाउने र पाए पनि सबैले नपाउने एवम् पर्याप्त मात्रामा नपाउने जस्ता समस्याहरु अबको दिनमा सुन्नुनपर्ने किसिमले समन्वयकारी भूमिका निर्वाह गर्न यादवले कार्यालय प्रमुख चन्द्र प्रसाद चौलागाईलाई निर्देशन दिएका छन् ।



आवश्यक मलको उपलब्धताका लागि अहिलेसम्म भइरहेका समस्या एवम् कठीनाईहरु आफूलाई जानकारी गराउन आग्रह गर्दै यादवले नीतिगतदेखि अन्य संरचनागत एवम् संस्थागत बाधा अड्चनलाई समाधान गर्ने बताए ।

उनले भने,'अहिले जे जति मल मौज्दात छ त्यो गाँउमा छिट्टै पठाइ दिनुस्, बाँकी सरकारको नीतिगत समस्या जुन छ त्यसलाई समाधानका लागि म संसदमा आवाज उठाउँछु ।' उनले सरकारी अनुदानलको मल बिचौलियाको कब्जामा पुग्दा किसानले सहज रुपमा नपाएको व्यापक जनगुनासो पनि रहेकाले यस बारे पनि कार्यालय प्रमुख चौलागाईलाई ध्यानाकर्षण् गराए ।

चौलागाईलाई निर्देशन दिदै यादवले भने, 'नेपालमा मलको कारखाना छैन त्यस कारण चाहिए जति मल किसानले पाउन सकेका छैनन्, यद्यपि विदेशबाट जेजति आउँछ त्यो पनि किसानले बिचौलियाका कारण पाइरहेका छैनन्, यस बारे पनि ध्यान दिनुहोला ।'

चुनावको प्रचार ताका मतदाता सामु गरेका वाचा पूरा गर्न यादवले अग्रसरता देखाएका छन् । चुनाव प्रचारका बेला मत माग्ने क्रममा उनले कृषि र किसानका विद्यमान समस्या आफनो प्रमुख प्राथमिकतामा रहने वाचा गरेका थिए । त्यही वाचा अनुरुप यादवले किसानका लागि सहज रुपमा मल आपूर्तिको व्यवस्था मिलाउन चौलागाईको ध्यानाकर्षण गराएका छन् ।

अहिले गँहु र दलहन बालीको सिजन चलिरहेको भए पनि डिएपी मल नपाएर किसानहरु समस्यामा परेको भन्दै यादवले यथाशीघ्र व्यवस्था मिलाउनुपर्ने बताएका छन् ।

कार्यालयसँग अहिले मौज्दात मल, जिल्लाका सबै पालिकामा समयमै पठाएर कृषि सहकारी संस्थाहरुमार्फत किसानलाई सहज रुपमा उपलब्ध गराउन उनले चौलागाईलाई निर्देशन दिए ।

कार्यालय प्रमुख चौलागाइले कार्यालयमा अहिले युरिया मल प्रयाप्त मौज्दात रहे पनि डिएपि मलको मौज्दात थोरै रहेकाले वितरणमा समस्या भएको बताएका थिए । चौलागाईले नीतिगत समस्याहरुको कारण पनि मल अभाव भएकोले त्यसलाई पहल गर्न सांसद् यादवसँग आग्रह पनि गरेका थिए ।

# बजार अनुगमन



**टुडे समाचारदाता**

राजविराज । औषधि व्यवस्था विभागको अनुगमन टोलीले मंगलबार सप्तरीको राजविराज बजारका विभिन्न औषधि पसलमा बिक्री वितरणका लागि राखिएका म्याद गुज्रेको तथा नेपालमा बिक्री वितरणको इजाजत प्राप्त नभएका कम्पनीका औषधिहरु नियन्त्रणमा लिएको छ ।

स्थानीय बजारमा म्याद गुज्रेका तथा नेपालमा दर्ता नभएका औषधी खुल्ला बिक्री वितरण भएको जनगुनासो आएपछि औषधि पसलहरुमा अनुगमन गरिएको छ ।

यसअघि सोमबार सप्तरीको हनुमाननगर कंकालिनी र बोदेबरसाइन नगरपालिकास्थित विभिन्न औषधि पसलमा अनुगमन गरिएको थियो ।

विराटनगरस्थित औषधि व्यवस्था विभागका फार्मेसी अधिकृत टेकेन्द्र मिश्रको नेतृत्वमा खटेको टोलीले स्थानीय केही औषधि पसलबाट म्याद गुज्रेका तथा नेपालमा दर्ता नभएका कम्पनीका औषधिहरु नियन्त्रणमा लिएका छन् ।

अनुगमन टोली बजार पुगेको खबर पाएपछि अधिकांश औषधि ब्यवसायी पसलको सटर बन्द गरेर हिडेको टोलीका प्रमुख मिश्रले बताए ।

"बिरामीलाई सामान बिक्री गरी मुनाफा मात्र कमाउन पल्केका ब्यवसायीले म्याद गुज्रेका र अवैध मानिएका औषधिसमेत बिक्री वितरण गरेको भेटियो, मिश्रले भने, मुनाफाका लागि बिरामीको स्वास्थ्यमाथि नै खेलवाड गर्ने औषधि ब्यवसायीलाई कानुन अनुसार कारबाही गरिने ।"

उनले बजार अनुगमनका क्रममा पसल बन्द गरी हिडेका औषधि पसलहरुमा कुनै बेला पनि छड्के अनुगमन गर्ने तयारी भएको बताएका छन् ।

अनुगमनसँगै टोलीले औषधि पसलेलाई बिरामी मारमा नपर्ने गरी आ-आफ्नो ब्यवसाय संचालन गर्न र अब यस्तो अवैध कारोबार नगर्न पनि सचेत गराउने गरेको टोली प्रमुख मिश्रले बताए ।

अनुगमनका क्रममा गैरकानुनी रुपमा संचालन गरिएका, दर्ता हुन बाँकी रहेका र कर तिर्न बाँकी रहेका पसलेलेलाई कानुनको दायरामा आउनका लागिसमेत समयसीमा तोकिने गरिएको छ ।

# हत्यारालाई पत्ता नलगाएको भन्दै आन्दोलन

**ओम प्रकाश यादव**

रौतहट । एकजना व्यापारीको मृत्यु भएको विषयलाई लिएर रौतहटको गरुडामा आन्दोलन चर्किएको छ ।

जिल्लाको गरुडा नगरपालिका-४ गरुडाका व्यापारी करिव ४५ वर्षीय राजनारायण साहको सोमबार सवारी दुर्घटनामा परी मृत्यु भएको थियो ।

मर्निङ्ग वाक गरेर घर फर्किने क्रममा गरुडा नगरपालिका-८ बसबिट्टि जिङ्गडिया स्थित नम्बर नखुलेको सवारीको ठक्करबाट साहको ज्यान गएको प्रहरीले जनाएको छ ।

तर घटना रहस्मय रहेको भन्दै पीडितका आफन्त र स्थानीय व्यापारीहरु आन्दोलनमा उत्रेका छन् । व्यापारी साहको मृत्युको सन्दर्भमा प्रहरीले अहिलेसम्म सत्यतथ्य बाहिर ल्याउन नसकेको भन्दै उनीहरु मंगलवार दोश्रो दिन गरुडाको मुख्य सडक नै अवरुद्ध गरी टायर बालेर विरोध प्रदर्शन गरेका छन् ।

साहको हत्यारा पत्ता लगाउन माग गर्दै पीडित परिवार र उनका आफन्तहरुले मंगलवार मृतक साहको शव गरुडा स्थित मेथुर चौधरी चोकमा राखेर बाटो अवरुद्ध गरी प्रदर्शन गरेका थिए ।

स्थानीयले मंगलवार विहान ७ बजेदेखि ९ बजेसम्म प्रदर्शनसहित चक्काजाम गर्दा गरुडा स्थित वीरेन्द्र राजमार्गमा सवारी आवागमन ठप्प भएको थियो । यसअघि सोमवार पनि दिउँसो १ बजेदेखि ३ बजेसम्म २ घण्टा चक्काजाम गर्दै उनीहरु



विरोध प्रदर्शन गरेका थिए ।

चक्काजामसहित विरोध प्रदर्शनपछि प्रहरी र पीडितका आफन्तहरुको इलाका प्रहरी कार्यालय गरुडाको परिसरमा बसेको बैठकमा बुधवार बेलुकासम्म साहको हत्यारा पत्ता लगाउने प्रतिवद्धता जनाएका थिए । प्रहरीको प्रतिबद्धतापछि पीडितका आफन्तहरुले मृतक साहको शव उठाउँदै अवरुद्ध गरेको बाटो सुचारु गरेका थिए ।

प्रदर्शनमा सहभागी रौतहट क्षेत्र नं ४ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिनाले घटना भएको दुई दिन भए पनि प्रहरीले अझै हत्यारा पत्ता लगाउन नसक्नु दुखद भएको बताएका छन् । उनले घटना शंकास्पद रहेको भन्दै छिटोभन्दा छिटो सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न प्रहरीसंग माग गरेका छन् । यसैगरी गरुडा नगरपालिकाका मेयर कन्थमनि प्रसाद जयसवालले प्रहरीले आफूहरुसंग गरेको प्रतिवद्धता पूरा नगरे बुधवारदेखि यो भन्दा पनि थप कडा संघर्षका कार्यक्रम गर्न बाध्य हुने चेतावनी दिएका छन् ।

आफूहरु बुधवार बेलुकासम्म जसरी भए पनि घटनाको वास्तविकता अर्थात दोषीलाई पत्ता लगाउन प्रहरीलाई अल्टिमेटम दिएको र बुधवारसम्म पनि दोषी पत्ता नलगाए बुधवार बेलुकादेखि यो भन्दा पनि कडा आन्दोलन गर्ने मेयर जयसवालले चेतावनी दिएका छन् ।

रौतहटका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक (एसपी) बीर बहादुर बुढामगरले आफूहरु गम्भीरताका साथ घटनाबारे अनुसन्धान गरिरहेको बताएका छन् ।

घटनाको अनुसन्धान गम्भीर ढंगबाट भइरहेको बताउँदै एसपी बुढामगरले दोषी कुनै हालतमा उम्किन नपाउने बताएका छन् । प्रहरी उपरीक्षक मगरले ढिलोचाँडो भए पनि साहको अपराधीलाई जसरी भए पनि पत्ता लगाएरै छाड्ने बताए ।

सडक आन्दोलन भन्दा पनि प्रहरीलाई सहयोग गर्न पीडित परिवार र आफन्तसंग एसपी बुढामगरले आग्रह गरेका छन् । घटनाभएकै दिन देखि आन्दोलन भएका कारण वास्तविक हत्यारा पत्ता लगाउन मुस्किल परेको छ ।

आन्दोलनले गर्दा प्रहरीले आन्दोलन व्यवस्थापन गर्ने कि, हत्यारा पत्ता लगाउने काम गर्ने भन्दै उनले प्रश्न गरेका थिए । ढिलोचाँडो हत्यारा पत्ता लगाएरै छाड्ने रौतहट प्रहरीले संकल्प लिएका छन् ।

व्यापारी साह सडक दुर्घटनामा पर्दा प्रहरीले घटनाबारे कसैलाई जानकारी नदिई घटनास्थलको नजिकै गरुडामा दर्जनौ हस्पिटल हुँदाहुँदै घाइते साहलाई गरुडामा नलगि गौर स्थित जिल्ला अस्पतालमा उपचार गराउन लगेको कारण घटना शंकास्पद भएको भन्दै छानबिनको माग गर्दै मृतकका आफन्त र स्थानीय व्यापारीहरुले गरुडामा सोमवारदेखि आन्दोलन गर्दै आएका छन् ।

# सबैभन्दा ठूलो दल कांग्रेस

**टुडे समाचारदाता**

मलंगवा । प्रतिनिधिसभा निर्वाचन क्षेत्र अन्तर्गत समानुपातिकतर्फको अन्तिम मतपरिणाम अनुसार सर्लाहीमा नेपाली कांग्रेसले सबैभन्दा बढी मत पाएको छ । उसले ४८ हजार ३३७ मत ल्याएको छ ।

कांग्रेसले सबैभन्दा बढी क्षेत्र नम्बर ४ मा १६ हजार २९, २ बाट १४ हजार ९९३, ३ मा ९ हजार ९७९ र १ बाट ७ हजार ३३६ मत पाएको छ । ४ नम्बर बाहेक अन्य ३ वटा क्षेत्रमा कांग्रेसबाट प्रत्यक्षतर्फ उम्मेदवार नै थिएनन् ।

त्यस्तै,४५ हजार ६२६ मतका साथ नेकपा माओवादी केन्द्र/नेपाल समाजवादी पार्टी दोस्रो ठूलो दल बनेको छ । माओवादीले सबैभन्दा बढी क्षेत्र नम्बर ३ मा १५ हजार ४७१, २ बाट १० हजार ८५९, ४ मा ९ हजार ७९० र क्षेत्र नम्बर १ बाट ९ हजार ५०६ मत हासिल गरेका छन् ।

त्यसैगरी नेकपा एमालेले ३८ हजार ३१३ मतसहित आफूलाई तेस्रो शक्तिको रुपमा उभ्याएको छ । उसलाई सबैभन्दा बढी क्षेत्र नम्बर ३ बाट १५ हजार ६, ४ मा ९ हजार ४७१, १ बाट ७ हजार ९०२ र क्षेत्र नम्बर २ बाट ५ हजार ९३४ जनाले मत दिएका छन् ।

त्यस्तै ३७ हजार ९११ मत सहित नयाँ शक्तिको रुपमा जनमत पार्टी चौथो स्थानमा आइपुगेको छ । उसले सबैभन्दा बढी क्षेत्र नम्बर ४ बाट १२ हजार ५९५, २ मा १२ हजार ३३७, ३ बाट ६ हजार ९३१ र क्षेत्र नम्बर १ बाट ६ हजार ४८ मत पाएको छ ।

त्यसैगरी जनता समाजवादी पार्टीले ३० हजार ३३५ मत ल्याएको छ । पाँचौ ठूलो दल बनेको जसपाले सबैभन्दा बढी क्षेत्र नम्बर ३ मा १२ हजार ७९, २ बाट ७ हजार ५३३, १ मा ५ हजार ५७१ र क्षेत्र नम्बर ४ बाट ५ हजार १५२ मत प्राप्त गरेको छ ।

त्यस्तै २३ हजार ६५८ मत प्राप्त गर्दै लोकतान्त्रिक समाजवादी पार्टी छैठौं स्थानमा पुगेको छ । उसले सबैभन्दा बढी क्षेत्र नम्बर २ मा ११ हजार ४३, १ बाट ८ हजार ६२९, ४ मा ३ हजार ६७३ र क्षेत्र नम्बर ३ बाट त ३१३ मत मात्रै पाएको छ ।

त्यसैगरी नयाँ शक्तिको रुपमा राष्ट्र्व्यापी चर्चा कमाएको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीले सर्लाहीबाट १५ हजार ८९८ मत प्राप्त गरेका छन् । उसले सबैभन्दा बढी क्षेत्र नम्बर ३ बाट ६ हजार ९६२, १ मा ६ हजार ६८०, ४ बाट १ हजार १९९ र क्षेत्र नम्बर २ मा १ हजार ५७ मत ल्याएको छ ।

त्यस्तै ९ हजार ८२३ मत सहित नेकपा एकीकृत समाजवादी पार्टी सातौं स्थानमा आठौं स्थानमा खुम्चिएको छ । उसले सबैभन्दा बढी क्षेत्र नम्बर १ मा ५ हजार ५१, ३ बाट २ हजार ६५५, ४ मा १ हजार ४७९ र क्षेत्र नम्बर २ बाट ६३८ मत प्राप्त गरेका छन् ।

त्यसैगरी बहुजन एकता पार्टीले ९ हजार ५६०, राप्रपाले ७ हजार ७४७, नेपाल संघीय समाजवादी पार्टीले ५ हजार ६७५ र रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले ४ हजार ६१८ मत हासिल गरेका छन् ।

सर्लाहीमा कुल ४ लाख ७९ हजार ३८ मतदाता मध्ये प्रतिनिधिसभाको समानुपातिकतर्फ ३ लाख ३ हजार ६६२ मत खसेको छ । जसमध्ये १२ हजार ६३४ मत अर्थात ४.१६ प्रतिशत मत बदर भएको छ ।

# एक सय ६८ उम्मेदवारको जमानत जफत

**राकेश यादव**

रौतहट । रौतहटमा १ सय ६८ जना उम्मेवारको धरौटी रकम जफत भएको छ ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको प्रत्यक्ष निर्वाचन प्रणाली तर्फ खसेको कुल मतको १० प्रतिशत मत ल्याउन नसकेका प्रतिनिधिसभा सदस्यतर्फको ५८ जना र प्रदेशसभा सदस्यतर्फको १ सय १० जनाको जमानत जफत भएको छ ।

४ प्रतिनिधिसभा सदस्यका लागि ६७ जना र ८ जना प्रदेशसभा सदस्यका लागि १ सय ३५ जना गरी २ सय २ जना उम्मेदवार निर्वाचनमा भाग लिएका थिए जसमा सबैभन्दा बढी संख्या स्वतन्त्र रहेको थियो ।

जिल्ला निर्वाचन कार्यालय रौतहटका जिल्ला निर्वाचन अधिकारी छोटेलाल दासले प्रतिनिधिसभामा ५८ र प्रदेशसभामा १ सय १० जना उम्मेदवारले १० प्रतिशत मत ल्याउन नसकेपछि धरौटी जफत भएको बताएका छन् ।

उनले प्रतिनिधिसभामा ९ र प्रदेशसभामा २५ जना उम्मेदवारले धरौटी बचाउन सफल भएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट नेकपा एसका अध्यक्ष माधव कुमार नेपाल , निर्वाचन क्षेत्र नम्बर २ बाट स्वतन्त्र उम्मेदवार किरण साह,निर्वाचन क्षेत्र नम्बर ३ बाट स्वतन्त्र उम्मेदवार प्रभु साह र निर्वाचन क्षेत्र नम्बर ४ बाट नेपाली कांग्रेसका देव प्रसाद तिमल्सिना निर्वाचित भएको बाहेक ५ जनाले आफ्नो जमानत बचाएका छन् ।

नेकपा एमालेका अजय कुमार गुप्ता , नेपाली कांग्रेसका डा.फिरदोस आलम ,



स्वतन्त्र उम्मेदवार ओम प्रकाश जायसवाल , रवीन्द्र पटेल , नेकपा एमालेका उद्धव रेग्मीले जमानत जोगाउन सफल भएको निर्वाचन अधिकारी दासले बताए ।

प्रतिनिधिसभातर्फ १२ हजार ८ सय ८० र प्रदेशसभाको प्रत्यक्षतर्फ ९ हजार ३ सय ७८ मत बदर भएको छ भने समानुपातिकतर्फको प्रतिनिधिसभामा १७ हजार ७ सय १५ र प्रदेशसभातर्फ १७ हजार ८ सय ५१ मत बदर भएको छ ।

प्रतिनिधिसभातर्फ ४ दशमलव ५६ प्रतिशत , प्रदेशसभातर्फ ३ दशमलव ३३ प्रतिशत तथा समानुपातिक तर्फमा प्रतिनिधिसभा ६ दशमलव १९ प्रतिशत र प्रदेशसभातर्फ ६ दशमलव ३४ प्रतिशत मत बदर रहेको छ ।

मतदाता शिक्षाको कमी कमजोरीका कारण मत बदर भएको अधिकारी दासको भनाइ छ ।

कार्तिक १८ गते देखि ३० गते सम्म मतदाता शिक्षा सञ्चालन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहलाई रहेको बताउँदै दासले जनशक्तिको अभावले मतदाता शिक्षा प्रभावकारी हुन नसकेको जिकिर गरेका छन् ।

निर्वाचनमा भाग लिएका राजनितिक दलका उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारलाई मतगणना सकिएको मितिदेखि ३५ दिन भित्र खर्च विवरण बुझाउन सूचना जारी गरी सकिएको जानकारी गराउँदै तोकिएको समयमा खर्च विवरण बील भरपाईसहित नबुझाउने उम्मेदवारलाई निर्वाचन आयोगले कानून बमोजिम जरिवाना गर्ने समेत बताएका छन् ।

४ लाख १५ हजार ४ सय ५५ मतदाता रहेको रौतहटमा प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फमा २ लाख ८२ हजार ४३० मत ६७ दशमलव ९८ प्रतिशत खसेको थियो ।

प्रदेशसभामा २ लाख ८१ हजार ७६९ मत ६७ दशमलव ८२ प्रतिशत खसेको जिल्ला निर्वाचन कार्यालय रौतहटले जनाएको छ ।

# घाँटी रेटिएको अवस्थामा शव

**टुडे समाचारदाता**

राजविराज । सोमबार रातिदेखि वेपत्ता भएका एक व्यक्ति मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

सप्तरीको कञ्चनरूप नगरपालिका १ का ४८ वर्षीय पप्पु भनिने सञ्जय राउत मृत अवस्थामा फेला परेका छन् ।

घाँटी रेटिएको अवस्थामा उनको मृत शरीर घर नजिकै रहेको पोखरीमा फेला परेको थियो । इलाका प्रहरी कार्यालय कंचनपुरका प्रमुख एवं डीएसपी रामकुमार यादवका अनुसार उनी सोमबार राति ९ बजेदेखि हेराइरहेका थिए ।

शवको प्रकृति हेर्दा घाँटी रेटेर हत्या गरिएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

अनुसन्धानका लागि तालिमप्राप्त कुकुरकोसमेत प्रयोग गरी अनुसन्धान अघि बढाइएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

**उत्पादन बढाऔं र मितव्ययी बनौं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं ।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं ।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं ।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं ।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं ।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८